
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : ३०१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ ३१ गते मंगलबार (Tuesday, September 17. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

한국어

कोरियन भाषा

का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी

FAST TRACK

Education Consultancy (P) Ltd., Birtamode

Shanischare Road, Birtamode-5, Jhapa

फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४





# प्रमाणपत्र छ, चिकित्सक छैनन्

## कविराज र वैद्यले जाँच्छन् विरामी

**बिर्तामोड, भदौ ३०।** आयुर्वेद स्वास्थ्य सेवा सञ्चालन गर्दा स्वास्थ्य जाँच तथा परामर्श दिने व्यक्ति कम्तीमा वीएएमएस वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्ने कानूनी व्यवस्था छ ।

तर, झापामा सञ्चालित अधिकांश क्लिनिकले वीएएमएस वा सो सरहका व्यक्तिको प्रमाणपत्रका भरमा आयुर्वेद स्वास्थ्य क्लिनिक सञ्चालन गरिरहेका छन् । नियमनकारी निकाय जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र चन्द्रगढी र स्थानीय तहले स्वास्थ्य संस्थाको नियमन नगर्दा आयुर्वेद चिकित्साका नाममा मनोमानी हुने गरेको छ । विरामी जाँच तथा परामर्श वीएएमएस मान्यता प्राप्त आयुर्वेद चिकित्सकले जाँच गर्नुपर्ने वा परामर्श दिनुपर्ने भए पनि कविराज र वैधले मात्र नभई क्लिनिक सञ्चालकले समेत आफूखुशी विरामी जाँच गर्दै जथाभावी औषधि दिइरहेका छन् । जसका कारण स्वास्थ्य जस्तो संवेदनशील विषयमा पनि चरम लापरवाही देखिएको छ ।

अधिकांश क्लिनिक सञ्चालकले वीएएमएसको प्रमाणपत्र देखाएर आन्तरिक सहमतिका आधारमा पचास हजारदेखि एक लाखसम्ममा तिरेर जिल्ला स्वास्थ्य कार्यालयमा पेश गरेका छन् । क्लिनिक दर्ताको प्रक्रिया पुऱ्याउन क्लिनिक सञ्चालकले वीएएमएस गरेकाको प्रमाणपत्र खरिद गरेर जिल्लामा पेश गरे पनि विरामी जाँच्ने बेलामा उनीहरु हुँदैनन् । काठमाडौं निवासी एक चिकित्सकले भने- 'मेरो सर्टिफिकेटका आधारमा झापाको बिर्तामोडमा एक क्लिनिक सञ्चालनमा छ । शुरुमा प्रतिवर्ष एक लाख रुपैयाँ दिने सहमति भएको थियो तर अहिले ७५ हजार रुपैयाँ मात्रै दिँदै आएका छन् ।' एक जना साथी झापा तिरकै हुनुहुन्थ्यो, उहाँकै सिफारिसका आधारमा मैले सर्टिफिकेट दिएको हो, उहाँले नै सबै कुरा मिलाई दिएपछि गत वर्ष मैले सर्टिफिकेट दिएको हुँ- वीएएमएस मान्यता प्राप्त एक चिकित्सकले भने ।

उनी त एक प्रतिनिधि पात्र मात्रै हुन् । उनी जस्ता धेरैको प्रमाणपत्र राखेर जिल्लामा आयुर्वेद क्लिनिक र अस्पताल सञ्चालनमा छन् । नियमनकारी निकाय मौन छ । पायल्सको शल्यक्रियाका लागि उपचार गराउन दमकस्थित एक स्वास्थ्य संस्थामा पुगेकी महिलाको ज्यान जाँदा समेत नियमनकारी निकाय मौन रहनुले आयुर्वेद क्षेत्रमा बिकृति देखिएको छ ।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका २०७०को परिच्छेद ९ मा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धि स्वास्थ्य संस्थाहरुको मापदण्ड निर्धारण गरेपनि मापदण्ड विपरीत सञ्चालित स्वास्थ्य संस्थाको लापरवाहीकै कारण सर्वसाधारणले ज्यान गुमाउनु परेको छ ।

झापा निजी क्षेत्रबाट खुलेका आयुर्वेद अस्पताल सहित २३ वटा आयुर्वेद क्लिनिक सञ्चालनमा छन् । सञ्चालित आयुर्वेद अस्पताल तथा क्लिनिक अधिकांश मापदण्ड विपरीत छन् । निर्देशिका अनुसार आयुर्वेद स्वास्थ्य सेवा सञ्चालन गर्न आयुर्वेद चिकित्सा प्रणाली

(बाँकी अन्तिम पृष्ठमा)

## 'विकास र समृद्धिको पहिलो शर्त शान्ति सुरक्षा'



**विराटनगर, भदौ ३०।** प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले विकास र समृद्धिको पहिलो शर्त जनतामा शान्ति सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिएका छन् ।

प्रदेश सरकारको आर्थिक सहयोगमा जिल्ला प्रहरी कार्यालयद्वारा जडित सीसीटीभी क्यामेराको सोमवार शुभारम्भ गर्दै उनले सुरक्षा निकायलाई नमूनाका रुपमा अघि बढाउन प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

अनियमितता हुन नदिन कडा निगरानी गरिनेमा जोड दिँदै उनले परियोजना बैंक खोलिने र लगानी सम्मेलन गरेर अर्थतन्त्रलाई बलियो बनाई आधुनिक

(बाँकी अन्तिम पृष्ठमा)

## थुनुवा भागेपछि आठ प्रहरी कार्वाहीमा

**भद्रपुर, भदौ ३०।** हिरासतबाटै भारतीय थुनुवा फरार भएका घटनामा दोषी पाएपछि जिल्ला प्रहरी कार्यालय झापाले प्रहरी निरीक्षकसहित आठ जना प्रहरीलाई विभागीय कारबाही गरेको छ ।

कारबाहीमा परेका प्रहरी निरीक्षकसहित पाँच जनालाई सरुवा गरिएको छ भने अन्य तीन जना प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएको प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । कारबाहीमा परेका इलाका प्रहरी कार्यालय धुलाबारीका प्रहरी निरीक्षक टीकाबहादुर कार्कीलाई विभागीय कारबाही गर्दै संखुवासभा सरुवा गरिएको प्रहरी उपरीक्षक श्रेष्ठले बताए । उनको ठाउँमा प्रहरी युक्त महाविद्यालय नवलपरासीबाट प्रहरी निरीक्षक कैलाश चौधरी आएका छन् ।

त्यस्तै छानबिनको क्रममा दोषी पाइएका प्रहरी नायव निरीक्षक नवराज थापा, प्रहरी सहायक निरीक्षक घनश्याम पाण्डे र एक जना हवल्दारलाई सरुवा गरिएको उनले बताए । उनीहरूलाई जिल्लाभित्रै सरुवा गरिएको उनको भनाइ छ । त्यसैगरी धुलाबारीमा कार्यरत प्रहरी जवान विजय विश्वकर्मालाई निलम्बन गर्दै मुद्दा चलाइएको छ ।



थुनुवा फरार भएका बेला प्रहरी जवान गेट ड्युटीमा रहेका थिए । ड्युटीमै रहेका अन्य तीन जना प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएपनि त्यहाँबाट सरुवा नगरिएको उनले बताए ।

यता एक महिना अगाडि पश्चिम बङ्गालको दार्जीलिङ जिल्ला अल्छिया बस्ने २६ वर्षीय गणेश कामती र सोही स्थान बस्ने २९ वर्षीय कृष्ण मण्डल हिरासतभित्रैबाट फरार भएको भोलिपल्टै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर र प्रहरी कार्यालय झापाले छुट्टाछुट्टै छानबिन समिति गठन गरी अनुसन्धान थालेको थियो । चोरी घटनामा पक्राउ परेका दुई जना भारतीय थुनुवालाई अभद्र व्यवहारमा जिल्ला प्रशासन कार्यालय झापाबाट म्याद थप

(बाँकी अन्तिम पृष्ठमा)

## एकद्वार प्रणालीमा पालिका सहमत

**दमक, भदौ ३०।** झापा, इलाम र मोरङ भएर बग्ने खोलाहरुको खोलाजन्य सामग्री झिक्नका लागि यस क्षेत्रका ५ वटा स्थानीय तहबीच पहिलोपटक ठेक्का प्रक्रियामा एकद्वार प्रणालीबाट जाने सहमति भएको छ ।

खोलाजन्य सामग्रीको बिषयमा प्रत्येक बर्ष विवाद हुने र कता कसले बढी खन्यो भनेर समेत असमझदारी हुने गरेकोमा अब एकैपटक एकै ठाँउमा संयुक्त रुपमा टेण्डर खोल्ने सहमति भएको बताइएको छ । चालूआर्थिक बर्ष २०७६/०७७ का लागि नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती प्रक्रियाका लागि झापाको दमक नगरपालिका, कमल गाउँपालिका, इलामको चुलाचुली र मोरङको मिक्लाजुङ गाउँपालिकाले एकद्वार प्रणालीबाट यसभन्दा अघि पनि सहमति गरे पनि मोरङको उर्लाबारीले बेग्लै ठेक्का लगाउँदै आएको थियो । अहिले उर्लाबारी नगरपालिकाले समेत संयुक्त रुपमा ठेक्का बन्दोबस्ती गर्ने सहमति जनाएको बताइन्छ ।

दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाका अनुसार ५ वटै

(बाँकी अन्तिम पृष्ठमा)

## विप्लव समूहका जिल्ला सेक्रेटरीसहित दुई पक्राउ

**बिर्तामोड, भदौ ३०।** नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विप्लव समूहका झापा जिल्ला सेक्रेटरी प्रविण मिश्र (मनिष) सहित दुई जनालाई प्रहरीले झापाको बितामोडबाट पक्राउ गरेको छ ।

बिर्तामोड नगरपालिका-४स्थित नेपाल विद्युत् प्राधिकरणको कार्यालय नजिकैबाट सोमवार चिया पसलमा चिया खाइरहेको अवस्थामा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा जिल्ला सेक्रेटरी मनिषसहित जिल्ला सदस्य टीका पोखरेल रहेका छन् ।

विशेष सूचनाको आधारमा उनीहरुलाई १ नम्वर प्रदेश प्रहरी कार्यालयको सादा पोशाकमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको बताइएको छ । पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय झापामा राखेर अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)


**प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**

बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)


## सुन्दर सामुदायिकमा खनाल निर्विरोध



उत्तम खनाल

**बिर्तामोड, भदौ ३०।** सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र बिर्तामोडको अध्यक्षमा गोमेन्द्र महाविद्यालयका सञ्चालक उत्तम खनाल निर्विरोध चयन भएका छन् ।

खनाल सेवा केन्द्रको तेस्रो अधिवेशनबाट निर्विरोध चयन भएका हुन् । त्यस्तै उपाध्यक्षमा सञ्जीव चापागाँई, रोशन विमली, अमिर लिङ्देन र तारा कार्की, महासचिवमा लक्ष्मी गौतम, सचिवमा रघुनाथ थपलिया, कोषाध्यक्षमा शत्रुधनप्रसाद गुप्ता र सहकोषाध्यक्षमा राधा भट्टराई चयन भएका छन् ।

समितिको सदस्यमा लक्ष्मी सापकोटा, टंक सापकोटा, कुलप्रसाद मगर, ध्रुव आचार्य, तेजेन्द्र उप्रेती, तेजमणि प्रसाईं, कृति प्रसाईं लगायत छन् ।

विर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा सामुदायिक प्रहरीलाई उत्कृष्ट योगदान पुऱ्याउने देवी सग्रौला, सोमा न्यौपाने लगायतलाई कदरपत्रले सम्मान गरिएको थियो ।


**जग्गा बिक्रीमा**

झापाको बिर्तामोडस्थित मुक्तिचौक नजिकै महेन्द्र राजमार्गले छोएको व्यवसायिक प्रयोजनका लागि अति उपयुक्त आकर्षक चार कठ्ठा जग्गा तु-विक्रीमा रहेको हुँदा इच्छुक व्यक्ति वा संस्थाले सिधै सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्कः ९८०९१०५१०५

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली बायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



Study **Korean** Language 한국어

**कोरियन भाषा**

बिहान -४:00 बजे देखि बेलुका -६:00 बजे सम्म

फास्ट ट्र्याक नै किन ?



» A.C. ...

» ... EPS-TOPIK ...

» Course Book ...

» ... Skill Test ...

FAST TRACK

EDUCATION CONSULTANCY (P) LTD, BIRTAMODE

Birtamode Office

Birtamode-5, Shanischare Road (Opp. to Everest Bank), Jhapa

Phone No. 023-540359

Mob.: 9816038804, 9863976183



**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

डा. जितेन्द्र मण्डल

MS (AY) IMS, BHU, Selsi (India)

Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७६ साल असोज ३ र ४ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र तलको ठेगानामा सम्पर्क राख्नुहोला ।

नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्कः **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**

काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा

फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

डा. सीपी यादव — वरिष्ठ मुटु रोग विशेषज्ञ — अब २४ सै घण्टा

डा. दीपक पौडेल — वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः

- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड-१, झापा (०२३-५४४२६०)

# तातोपानीलाई नाकाबन्दी

**गोबिन्द पौडेल**

**इलाम, भदौ ३०।** इलामको रोङ गाउँपालिका-६को बिकट टोल तातोपानीलाई नाकाबन्दी लागेको छ ।

पूर्वमा भारतको सीमाना नजिकै रहेको सो टोलको उत्तरमा पुलबिहीन सिद्धिखोला रहेकोले बर्षात्मा आवतजावत ठप्प रहने गरेकोमा गाउँमा जाने एक मात्र बाटो पनि निमार्णाधीन सिद्धि हाइड्रोले बनाएको पहुँचमार्ग भेलले पहिरो बनाएपछि त्यस टोलमा बसोबास गर्ने करिव डेढ दर्जन जति परिवार नाकाबन्दीमा परेका हुन् ।

अहिलेसम्म कसैले सहयोग नगरेको कारण स्थानीयबासीहरुले चारबर्ष अघि लाखौ रुपैयाँ खर्च गरेर बाटो निमार्ण गरेको थिए । बाटो निमार्णको लागि गाउँलेहरुले ४६ हजारसम्म लगानी गरेको स्थानीय प्रेम राईले बताए तर अहिले हाइड्रोको पावर हाउस जाने बाटो निर्माण कम्पनीले नै बनाउने भनेको भए पनि सोही गाउँको भुडेसरासम्म बनाएको सडकमा नालीको ब्यवस्था नगर्दा भेलले गाउँलेले बनाएको बाटो बगाएर खहरे खोला जस्तै बनाएको छ ।

यसका कारण स्थानीयहरुले उत्पादन गरेको कृषि उपज बजार लैजान र दैनिक उपभोगका सामानहरु ल्याउन असहज भएको स्थानीय गणेश राईको भनाइ छ । बाटो खहरे खोला जस्तो भएको छ, अहिले त्यस ठाउँका बालबालिकालाई बिद्यालय आवतजावत गर्न समेत असहज रहेको स्थानीयवासीहरुले गुनासो गरेका छन् । यस बारेमा रोङ गाउँपालिका वडा नं. ६का पदाधिकारीहरुलाई जानकारी गराइएको भए पनि हालसम्म केही नभएको स्थानीयबासीले गुनासो गरेका छन् ।

यता रोङ गाउँपालिका र सूर्योदय नगरपालिकाको सीमानामा रहेको सिद्धि खोलाबाट बिजुली उत्पादन गर्न बिगत बर्षदेखि नै सिद्धि हाइड्रोले काम गर्न थालेको भए पनि करिव ६ महिनादेखि काम ठप्प रहेको छ ।

# दशैं नजिकिएसँगै बजार अनुगमन

**गौरीगञ्ज, भदौ ३०।** चाडपर्व नजिकिएसँगै स्थानीय सरकार गौरीगञ्जले आइतबारदेखि बजार अनुगमन शुरु गरेको छ । उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष रुपमा जोडिएको दैनिक उपभोग्य वस्तुको बजार अनुगमन गौरीगञ्जले पहिलोपटक गरेको हो ।

गाउँपालिकाका उपाध्यक्ष दीपिन्द्र थापा संयोजक रहेको पालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्ने क्रममा अखाद्य वस्तु बिक्री वितरण गर्ने, व्यवसाय दर्ता तथा नवीकरण नगर्ने, मूल्यसूची नराख्ने, प्रतिबन्धित वस्तुविक्री गर्ने पसलका व्यापारीहरुलाई १५ दिनभित्र नसच्चिए बजार अनुगमन निर्देशिका २०७४ बमोजिम दण्ड जरिवाना गर्ने चेतावनी दिएको छ । उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिँदै उपभोक्ताहरु नठगिउन् भन्ने उद्देश्यले बजार अनुगमन गरेको गाउँपालिकाका उपाध्यक्ष तथा बजार अनुगमन समितिका संयोजक थापाले बताए । व्यवसायिक प्रमाण-पत्र नलिएका, नवीकरण नगरेका, मूल्यसूची नराखेकालाई पहिलोपटक सम्झाई-बुझाई १५ दिनभित्र सच्चिन आग्रह गरिएको संयोजक थापाले बताए ।

गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले बजार अनुगमन गर्ने क्रममा अखाद्य वस्तुबिक्री वितरण गर्ने, 'डेट एक्सपाएर' भएका चिज वस्तु वेचविखन गर्ने गरेको र व्यवसायिक प्रमाण-पत्र नलिएको पाइएमा दोस्रोपटकको अनुगमनमा सोझै कार्वाही गर्ने बताए । जनचेतना फैलाउने उद्देश्यले पहिलो पटक अनुगमन गरेको बताउँदै अध्यक्ष श्रेष्ठले सबै व्यापारीहरुलाई सचेत रहन आग्रह गरेका थिए ।

उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष रुपमा जोडिएको दैनिक उपभोग्य वस्तुको वेचविखन कार्यमा लापर्वाही गर्ने जोसुकै व्यापारीलाई २०७४को बजार अनुगमन निर्देशिका बमोजिम दण्ड र सजाय हुने उनले बताए । झापा उद्योग वाणिज्य संघ गौरीगञ्जका अध्यक्ष मखना महतोले सबै व्यापारीलाई मूल्य सूची राख्न, अखाद्य वस्तु नबेच्न र सही नापतौल गरी उभोक्तालाई मालसामान दिन यसअघि नै सूचना गरिसकेको बताए । बाणिज्य संघ गौरीगञ्ज उपभोक्ताको स्वास्थ्यसँग जहिल्यै सचेत रहेको बताउँदै अध्यक्ष महतोले व्यवसायिक प्रमाण-पत्र लिन सबै व्यापारीलाई आग्रह गरे ।

इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख राजु दाहालले अखाद्य वस्तु वेचविखन गर्न, प्रतिबन्धित सामानहरु बेचबिखन गर्न कानूनले बन्देज गरेको हुँदा त्यस प्रकारको गतिविधि गर्ने व्यापारीहरुलाई कानून बमोजिम कार्वाही गरिने बताए । जिल्ला प्रशासन र घरेलु तथा साना उद्योग कार्यालयले बजार अनुगमन गर्दै आएकोमा मुलुक संघीय संरचना परिवर्तनसंगै बजार अनुगमनको जिम्मा स्थानीय सरकारले पाएको भन्दै प्रमुख दाहालले यस कार्यमा स्थानीय प्रशासनले खुलेर सहयोग गर्ने बताए ।

गौरीगञ्ज गाउँपालिकाले बजार अनुगमन गर्ने आफ्नो वार्षिक नीति तथा कार्यक्रममा राखे पनि पालिकाले करिब २ वर्षपछि बजार अनुगमन गरेको हो । अनुगमन टोलीमा गाउँपालिकाका अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष तथा बजार अनुगमन समितिका संयोजक थापा, इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख राजु दाहाल, झापा उद्योग वाणिज्य संघ गौरीगञ्जका अध्यक्ष तथा वार्ड नं. ३का अध्यक्ष मखना महतो, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक गणेशप्रसाद भट्टराई, इलाका प्रशासन कार्यालय गौरीगञ्जका लेखापाल यमनाथ सञ्जेल, झापा उद्योग वाणिज्य संघ गौरीगञ्जका सचिव श्रवण गिरी, गौरीगञ्ज गाउँपालिकाका वीरेन्द्र खड्कालगायत सहभागी थिए थिए ।

# कांग्रेसको हिपतम अभियान तीब्र

**बिर्तामोड, भदौ ३०।** दोस्रो चरणको हिपतम अभियानमा जुटेको नेपाली कांग्रेसले अग्रज प्रजातान्त्रिक योद्धाहरुसँग सल्लाह र कार्यकर्तासँग सुझाव लिने क्रमलाई निरन्तरता दिइरहेको छ ।

वार्डस्तरका कार्यकर्तासम्म पुगेर समसामयिक राजनीतिमा कांग्रेसले कस्तो भूमिका खेल्ने भन्ने विषयसहित सरकारका गलत रबैयालाई लिएर देशभरका ३ सय ३० वटै प्रदेश निर्वाचन क्षेत्रमा पुगेको कांग्रेसले अन्तरक्रिया तथा अन्तरसंवादमार्फत सुझाव लिइरहेको छ । अधिकांश प्रदेश क्षेत्रमा विशेष सामाजिक संवाद, विकृति/विसंगतिविरुद्ध जागरण, जनप्रतिनिधिहरुसँग भेटघाट, युवा तथा सरोकारवाला, प्रजातान्त्रिक योद्धा, प्रजातन्त्र सेनानी, द्वन्द्वपीडित तथा शहीद परिवारसँग संवादका कार्यक्रममार्फत सुझाव लिइएको हो ।

यसैक्रममा झापाका ५ संसदीय निर्वाचन क्षेत्रका १० वटै प्रदेश निर्वाचन क्षेत्रमा विविध कार्यक्रम सम्पन्न भएका छन् । झापा क्षेत्र नं. १को प्रदेश क ले मेचीनगर-१० धुलाबारीमा वार्डस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । जागरण अभियानका केन्द्रीय प्रतिनिधि रमेशजंग रायमाझीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रदेश क्षेत्रीय सभापति हर्क फियाक, विमल आचार्य, टेकबहादुर लिम्बू, राम कट्टेल, चन्दन मेचे, सुदय पनेरु, दुर्गा खतिवडालगायतले सहजीकरण गरेका थिए । नेपाली कांग्रेस मेचीनगर-१० का सभापति कृष्ण शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन चन्द्र तिवारीले गरेका थिए ।

यसैगरी क्षेत्र नं. १ को प्रदेश ख अन्तर्गत भद्रपुर वडा नं. १० तथा मेचीनगर-१३ र १४ नं वडामा बेग्लाबेग्लै अन्तरक्रियात्मक छलफल सम्पन्न भएको छ ।

जागरण अभियानका केन्द्रीय प्रतिनिधि विन्दिया कार्कीको प्रमुख आतिथ्य रहेको दुवै कार्यक्रममा जिल्ला प्रतिनिधि राजेन्द्र भण्डारी, पार्टी प्रवक्ता लोकराज ढकाल, जिल्ला सदस्य पुष्प पौडेल, क्षेत्रीय सभापति मणि उप्रेती, राजेन्द्र रिजाल, सीता पोखरेल, गोपाल तामाङ, गोमा भट्टराई, ज्ञानु चौहान, गणेश पोखरेललगायतले सहजीकरण गरेका थिए । नेपाली कांग्रेस भद्रपुर-१०का वडाध्यक्ष शालिकराम नेपालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन मुरारी न्यौपानेले गरेका थिए ।

यता मेचीनगर-१३ र १४ मा १४ नं वडा सभापति प्रेम न्यौपानेको सभापतित्व र लक्ष्मी घिमिरेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो ।

यसैगरी झापा क्षेत्र नं. २को क अन्तर्गत विर्तामोड नगरपालिका १,२ र ३ नं वडाको संयुक्त अन्तरक्रिया कार्यक्रम चारपानेमा सम्पन्न भएको छ । तीनवटा वडाका कार्यकर्तालाई तीन समूहमा विभाजन गरी सुझाव लिइएको कार्यक्रममा बलराम कार्की, देवी गिरी र दीपेन्द्र पोखरेलले समुहगत सुझाव राखेका थिए ।

केन्द्रीय प्रतिनिधि बसन्त भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला प्रतिनिधि दीपक तामाङ, चन्द्रकला भण्डारी, प्रचार विभाग प्रमुख कृष्ण हुमागाँई लगायतले सहजीकरण गरेका थिए । धर्म लक्सम्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत लक्ष्मीप्रसाद आचार्य र सञ्चालन भोजराज सिटौलाले गरेका थिए ।

यता क्षेत्र नं. २को प्रदेश ख मा बुद्धशान्ति १, २ र ३ नं. वार्डको संयुक्त कार्यक्रम बुधबारेस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा सम्पन्न भएको छ ।

जागरण अभियानको औचित्यमाथि सुधिरकुमार शिवाकोटीले प्रकाश पारेको कार्यक्रममा पूर्व सांसद डिल्ली सिटौला, क्षेत्रीय सभापति खगेन्द्र मैनाली, रमेशकुमार भुजेल, जिल्ला प्रतिनिधि पार्वता गिरी, जिल्ला सदस्यहरु लीला ढकाल, सूर्य ढुङ्गानालगायतले सहजीकरण गरेका थिए । वडास्तरीय समूह विभाजनबाट प्राप्त सुझाव चन्द्र अधिकारी, डिल्ली ओली र नारायण संग्रौलाले प्रस्तुत गरेका थिए ।

किरण श्रेष्ठको सभापतित्व, चक्र सेर्माको स्वागत रहेको कार्यक्रमको सञ्चालन देवी सुवेदी र पुण्य खतिवडाले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

# लागूऔषधबिरुद्ध सडकमा आमाहरू

**झिलझिले, भदौ ३०।** झापाको शिवसताक्षीमा लागूऔषध दुरुपयोग तथा ओसारपसारविरुद्ध स्थानीय आमाहरु एकजुट हुन थालेका छन् ।

लागूऔषधको कारण समाजका युवापुस्ता नराम्री कुलतमा फस्न थालेको भन्दै स्थानीय वडा नम्बर ८का आमाहरु सोमबार प्लेकार्डसहित ब्यानर लिएर सडकमा निस्किएका हुन् ।

समृद्ध समाज निर्माणका लागि लागूऔषधको प्रयोग र त्यसको कारोबार बन्द गर्ने भन्दै चेतनामूलक र्‍याली लिएर आमाहरु सडकमा निस्किएको आमा समुह डुँडामारीकी अध्यक्ष दुरुपदा बस्नेलले जानकारी दिएकी छन । समाज समृद्ध बनाउन घर, टोल, र सिंगो गाउँ एकजुट हुनुपर्ने भन्दै उनले लागूऔषधविरुद्धको जनचेतनामूलक र्‍याली लिएर आफूहरु सडकमा निस्किएको बताइन् ।

बढ्दो लागूऔषध दुरुपयोग ओसारपसारलाई रोकथाम र नियन्त्रणमा जनचेतना फैलाई स्वस्थ जीवन जीउने वातावरण श्रृजनाका लागि सयौंको संख्याका स्थानीय महिला सडकमा निस्किएका थिए । डुँडामारीबाट शुरु भएको र्‍याली फूलवारी चोक हुँदै झिलझिले बजार परिक्रमा गरी पुनः डुँडामारी पुगेर कोणसभामा परिणत भएको थियो ।

र्‍यालीमा आमा समूह, स्थानीय युवाको समूह, प्रहरी लगायत स्वःस्फूर्त रुपमा विद्यार्थी पनि सहभागी थिए । स्थानीय महिलाहरुको आमा समूह लागूऔषधविरुद्धको अभियानमा सडकमा निस्किएको शिवसताक्षीमा यो पहिलो हो । नगरका केही स्थानमा लागीऔषधको प्रयोग र कारोवार हुने गरेको पाइएपछि स्थानीय प्रशासनले ती क्षेत्रलाई ब्ल्याक एरियाको रुपमा किटान गरेको छ ।

कोणसभामा शिवसताक्षी नगपालिकाकी उपमेयर भोजकुमारी नेपालले समाज निर्माणमा आमाहरुको भूमिका पहिलो हुने भन्दै यस्ता रचनात्मक र चेतनामूलक कार्यले सवैको घर-घरमा सहयोग पुग्ने बताइन् ।

कार्यक्रममा वडा नम्बर ८का वडाध्यक्ष केहरसिंह बस्नेत, इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुर, भगवती माविका प्रधानाध्यापक टेकबहादुर थापा मगर, महिला समाजसेवी विष्णुमाया कार्की, जसकुमार तामाङ, सुमन सम्वाहाम्फे लगायतले अभिभावक जागरुक भए कुलतमा फस्ने सम्भावना भएका नानीहरुको भविष्य उज्ज्वल हुने बताए ।

गएको असारमा स्थापना भएको आमा समूह डुँडामारीले छोटो समयमै महत्वपूर्ण काम गरेको भन्दै आमा समूह डुँडामारी धन्यवादको पात्र बनेको स्थानीयबासीले बताएका छन् । नेपाली कांग्रेसका स्थानीय नेता गोपाल कुँवरले आमाहरुको अभियानमा बुबाहरुले पनि सहयोग गर्नुपर्ने बताए । यस्तो सकरात्मक अभियानमा कोही कसैले पनि क्षेत्र र वर्ग, विचार वा अन्य कुनै आधारमा विभेद गर्नु नहुने उनले बताए ।

## विप्लव ...

नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए

केही दिन अघि बिर्तामोड नगरपालिका-२ चारपानेमा रहेको सहारा नेपाल सहकारी संस्था लिमिटेड र गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले प्रयोग गर्दै आएको गाडीमा वम विष्फोट गराएको आरोपमा प्रहरी उनीहरुलाई पक्राउ गरेको हो ।

## विकास ...

प्रदेश निर्माण गरिने दावी गरे । सुरक्षा बैठकले प्रदेशभरिका सार्वजनिक जग्गा एक महिनाभित्र खोजी गर्न निर्देशन दिएको जानकारी गराउँदै मुख्यमन्त्री राईले प्रहरीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह पनि गरे ।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले सुरक्षा संयन्त्रलाई बलियो बनाउन र प्रविधिमैत्री बनाउन प्रदेश सरकारको तर्फबाट भएको सहयोगको सह्राहना गरे । उनले समुदायमा विश्वासको वातावरण सिर्जना गरेर समाजमा शान्तिसुरक्षा कायम गर्न प्रहरीलाई सफलता मिल्ने भएकाले अब अपराध र अपराधीको गुञ्जाइस नभएको दावी गरे । आफ्ना कमीकमजोरी सच्याउँदै अघि बढ्न प्रहरीलाई निर्देशन दिँदै महानिरीक्षक खनालले सबैको मर्यादालाई केन्द्रबिन्दुमा राखेर काम गर्न सुझाव दिए ।

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले मानव जीवनको सर्वोत्तम काम शान्ति सुरक्षा भएको बताए । आन्तरिक मामिला तथा कानून सचिव हरिप्रसाद मैनालीले प्रहरी प्रविधिमैत्री भएमा अपराध नियन्त्रणमा बल पुग्नाका साथै सुरक्षा व्यवस्था सुदृढ हुने र सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप पनि नियन्त्रण हुने बताए ।

प्रदेश प्रहरी प्रमुख ठाकुरप्रसाद ज्ञवालीले प्रहरी समयसापेक्ष सुदृढ एवम् बलियो हुँदै गएकाले समाजमा शान्ति सुरक्षा कायम गर्न सफल भएको बताए । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक विश्व अधिकारीले रु. एक करोड १४ लाखको लागतमा ५८ थान सीसीटीभी जडान भएको र यसबाट मोरङको ६० किमी क्षेत्रको निगरानी गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

## प्रमाणपत्र ...

अन्तरगत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्वन्धित विषयमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता हुनुपर्नेछ । नेपाल सरकारको वहालवाला कर्मचारी भएमा पूर्व स्वीकृति लिनुपर्ने हुन्छ । पञ्चकर्म सेवा केन्द्रमा सम्वन्धित विषयमा कम्तीमा वीएएमएस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विचेन, शिरोविरेचन, अस्थापन, अनुवासन, वस्ती प्रयोग गर्नुपर्ने र उत्तर वस्तीको लागि सम्वन्धि विशेषज्ञ हुनुपर्ने छ । यो अस्पतालका लागू हुने नियम हो ।

त्यस्तै अस्पताल सञ्चालन गर्दा जनशक्ति, भौतिक पूर्वाधारा, औजार-उपकरण र सेवाको गुणस्तरीयतामा मात्र संस्था विस्तार/स्वीकृतिको लागि माग गर्ने र उपयुक्त ठहर भएमा शाखा विस्तारको स्वीकृति दिन सकिने निर्देशिकामा उल्लेख छ । आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्वन्धि आवश्यक तालिम दिनुपर्ने व्यवस्था भए पनि कुनै पनि स्वास्थ्य संस्थाले त्यो गरेको पाइँदैन ।

त्यस्तै इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन-कुन विषय र सेवा दिने उद्देश्य राखिएको हो ? सो प्रष्ट उल्लेख गरी सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिको प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग, सात्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) को माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनको लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएको मापदण्ड पूरा गरी जुनसुकै नाममा सञ्चालन भएतापनि आधार ग्रन्थसहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ भनिएको छ ।

अस्पताल सञ्चालन गर्दा युक्ति व्यापाश्रय चिकित्सा, संशमन (औषधि चिकित्सा), संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा), दैव व्यापाश्रय, सत्वावजय, शस्त्र-प्रणिधान र योगाभ्यास अनिवार्य रहेको छ । स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्यरक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्ने समेत निर्देशिकामा उल्लेख छ । जसमा प्रकृति विनिश्चय र परामर्श, स्वस्थवृत्त पालन-ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहारबिहार, रसायन, वाजीकरण, पञ्चकर्म, योगाभ्यास गर्नुपर्ने हुन्छ ।

आयुर्वेद स्वास्थ्य क्लिनिक/पोलिक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु पुगेको हुनपर्छ । आयुर्वेद पोलिक्लिनिक सेवा सञ्चालन गर्दा एउटै व्यवस्थापन अन्तर्गत रही तीन वा सो भन्दा बढी सेवा प्रदान गर्नु पर्ने र औषधि सेवाको व्यवस्था समेत हुनुपर्नेछ । स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि सो सरहको चिकित्सा सम्बन्धि उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ-निर्देशिकामा भनिएको छ ।

क्लिनिकमा बरामीको जाँच गर्ने भेन्टिलेटेड कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्नेछ । (कम्तीमा १४x१० वर्ग फिट) (ख) बिरामी बस्नेठाउँ (कुर्ने ठाउँ) (ग) बिरामी जाँच्ने टेवुल (घ) चिकित्सकको लागि कुर्सी (ङ) चिकित्सकको लागि टेबुल (च) बिरामी बस्ने कुर्सी/टुल (छ) बिरामी कुर्न बस्ने बेन्चहरुको व्यवस्था (ज) शौचालयको व्यवस्था (झ) टेलिफोन (स्वैच्छिक) हुनुपर्छ भनिएको छ ।

त्यस्तै आवश्यक औजार उपकरणहरु निम्न अनुसारको हुनुपर्नेछ:- (क) थर्मामिटर -१ (ख) तौल लिने मेशिन -१ (ग) उचाइ नाप्ने मेसिन -१ (घ) टंग डिप्रेसर- १ (ङ) ब्लड प्रेसर जाँच्ने मेसिन-१ (च) स्टेथोस्कोप -१ (छ) आँखा, नाक, कान जाँच्ने सेट -१ (ज) प्रोक्टोस्कोप -१ (झ) प्रोव (ञ) सिरिञ्ज (ट) टर्च लाइट (ठ) पञ्जा (ड) मास्क, एप्रोन (ढ) किड्नी ट्रे (ण) बाल्टिन हुनुपर्ने व्यवस्था छ ।

अन्य व्यवस्था (थप मापदण्ड): (क) विशेषज्ञ सेवा र बिषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ । (ख) बिरामीको सम्पूर्ण बिवरण राख्नको लागि एउटा रजिष्टर हुनुपर्नेछ । (ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ । (घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा आयुर्वेद चिकित्सा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ । (ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ भनिएको छ ।

डाक्टरको सिफारिसका आधारमा तालिमप्राप्त व्यक्तिले मात्रै विरामीलाई औषधि दिनुपर्ने भए पनि स्वास्थ्य सम्वन्धि ज्ञान नै नभएका व्यक्तिलाई क्लिनिकमा राखेर औषधि दिइँदै आइएको छ । संस्था दर्ताका लागि वीएएमएसको प्रमाणपत्र प्रदान गरेका त्यस्ता क्लिनिकले वैद्य र कविराजको भरमा अनावश्यक औषधि दिँदा समेत नियमनकारी निकाय बेखबर छ । कतिपय क्लिनिकले वरिष्ठ डाक्टर आउने सूचना जारी गर्दै विरामी वोलाउने र कविराज र वैद्यकै भरमा विराामी जाँच्ने गरेका छन् । अझ फार्मेसीमा त आफू खुशी बिरामीको जाँच गर्दै औषधि दिँदा समेत नियमनकारी निकाय बेखबर छ । त्यसबाट आयुर्वेदका नाममा स्वास्थ्यमा चरम लापरवाही गरेको पुष्टि हुन्छ ।

## एकद्वार ...

पालिकाको प्रारम्भिक वातावरणीय परीक्षण संयुक्त रुपमा गर्ने र सो प्रतिवेदनबाट निर्धारण हुने परिमाणका आधारमा अलग-अलग हिस्सा यकिन हुने गरी संयुक्त रुपमा ठेक्का बन्दोवस्त प्रक्रिया अघि बढाउने निर्णय भएको छ । यसलाई दमक नगरपालिकाको बोर्ड बैठकबाट अनुमोदन गरिएको उनले जानकारी दिए ।

यसरी एकीकृत रुपमा खोलाजन्य पदार्थको ठेक्का लाग्दा अनुगमन समेत सहज हुने र संयुक्त संयन्त्र बनाएर अनुगमन गर्न सजिलो हुने बताइन्छ । १० देखि १२ करोड रुपैयाँसम्ममा रतुवा र मावा खोलाको ठेक्का लाग्न सक्ने बताइन्छ । अघिल्लो आर्थिक बर्षमा उर्लाबारी नगरपालिका बाहेक दमकसहितका स्थानीय तहले करिब ९ करोडमा खोलाजन्य सामग्री ठेक्का लगाएका थिए ।

दमक नगरपालिकाकी उपप्रमुख तथा अनुगमन समिति संयोजक गीता अधिकारीका अनुसार बेग्लाबेग्लै रुपमा ठेक्का लगाउँदै एकअर्काबीच आरोप लगाउने र ठेक्का लिएकाले समेत निहुँ खोज्ने गरेकाले एकद्वार तथा एकीकृत रुपमा ठेक्का लगाउँदा छलकपट कम हुने अपेक्षा गरिएको छ । कताबाट झिकेको हो पत्तो नहुँदा एकले अर्कालाई देखाएर पन्छिने अवस्था थियो अब त्यो नहोला-उनले भनिन् ।

यसैगरी नदीजन्य पदार्थको शुल्क संकलन गर्ने कार्य ठेक्काद्वारा बदोबस्त नभएसम्म असोज १ गतेदेखि खोलामा ठूलो मेसिन प्रयोगमा रोक समेत लगाइएको छ । मानवीय श्रोत परिचालन गरेर नदीजन्य पदार्थ ढुवानी तथा संकलन भने गरिने बताइएको छ । प्रदेश आर्थिक ऐनमा तोकिएको दररेट अनुसार कार्यालयले आफ्नोतर्फबाट कर्मचारी तथा कामदार खटाइ संकलन गर्ने निर्णय नगरपालिका बोर्ड बैठकले गरेको वडा नं. ३का वडाध्यक्ष नवीन बरालले बताए ।

## थुनुवा ...

भइसकेको थियो । चोरी मुद्दामा किटानी जाहेरी दिन कोही नआएपछि प्रहरीले दुवै जनामाथि अभद्र व्यवहारमा मुद्दा दर्ता गराएको थियो । फरार भएका दुई जना भारतीय थुनुवा अझै फेला परेको छैनन् ।



**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा** **१ नं. प्रदेश, नेपाल**

# सूचना

भद्रपुर नगरपालिकाभित्र सामुदायिक विद्यालय (शैक्षिक संस्था)को आ.व. २०७५।०७६को अन्तिम लेखा परीक्षण गर्ने प्रयोजनका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाका इच्छुक दर्तावाला लेखापरीक्षकहरुलाई देहायका प्रमाण कागजात संलग्न राखी २०७६।०६।१४ गतेभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने प्रमाण कागजातहरुः**

१) फर्म दर्ता प्रमाणपत्र र सोको नवीकृत निस्साको प्रतिलिपि
२) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

**तुलसीबहादुर श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**


**आयुर्वेद औषधि क्लिनिक बिक्रीमा**

**झापाको बिर्तामोडमा सञ्चालित सताक्षी आयुर्वेदिक क्लिनिक तु-बिक्रीमा ।**
**सम्पर्क - ९८५२६७९७३१, ९८५२६५२३४८**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


# Vacancy Announcement

**Date-2076/05/30**

Sahara Saccos Shikshya Sadan is operating a Montessori school in Birtamode-2, Charpane and is planning to open a few more in the future.

Sahara SACCOS Shikshya Sadan is looking for potential Candidates to fill out the following positions.

**Position 1: Teacher - female (few)**
**Required qualification & experience :**
* 10 +2 passed.
* Compulsory montessori trained.
* Should be between 18 to 40 years of age
* Should have basic computer knowledge.

**Position 2 : Assistant Accountant - female (few)**
**Required qualification & experience.**
* 10 +2 passed in management.
* Must have excellent computer skills . (i.e. should be good in both Nepali and English typing, should have good knowledge in mail, words and excel.)
* Must have excellent Knowledge to run school software.

Qualified females, with fluent English writing and speaking and with experience in related field are encouraged to apply . Only short listed candidates will be notified for further process.

**Interested candidates can drop their resume along with copy of credentials , photocopy of citizenship and a handwritten application before 14th of Ashoj 2076 at Sahara Saccos Shikshya Sadan , Birtamode-2, Charpane, Jhapa. Or Email to saharasaccosshikshyasadan@gmail.com and For telephone inquiries please contact 023-546419.**

**Note : It is compulsory to fill up the form and the form is available in the school.**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### जिम्मेवारी नबिर्स

**आयुर्वेद विश्वकै प्राचीनतम् उपचार पद्धति हो । विश्वकै जेठा ग्रन्थ वेदभन्दा अघिदेखि नै झारपात अर्थात् प्रदत्त वनस्पतिको योगबाट गरिने यो पद्धतिमा मृत शरीरलाई पनि पुनर्जिवित गर्न सक्ने सामर्थ्य थियो । त्यहीकारण देवी–देवताहरुका समयदेखि नै सर्वग्राह्य र निर्विकल्प बनेको आयुर्वेदिक पद्धति खासगरी एसिया महादेशमा अत्यन्त विश्वासयोग्य र पहुँचमा रहेको थियो । त्रेतायुगमा राम–रावण युद्धमा मृत्युको मुखमा पुगेका लक्ष्मणलाई हनुमानले हिमालबाट सञ्जीवनी बुटी ल्याएर बचाएका थिए । प्रत्येक बोटबिरुवामा औषधीय गुण हुन्छ । तर, सबैले त्यसको उपयोगिता बुझ्न सक्दैनन् । अझ औषधि सेवन गर्नासाथ रोगमुक्त भइहाल्नुपर्ने आजको मानसिकताका कारण आयुर्वेद पद्धति ओझेलमा पर्दैछ ।**

**पछिल्लो समय आयुर्वेदिक पद्धतिमा पनि आधुनिक प्रविधिको योग गर्न थालिएको छ । अर्थात् आयुर्वेदमा यन्त्र, उपकरण तथा विज्ञानसम्मत् परीक्षण गर्न शुरु भएपछि यसले विश्वास आर्जन गर्न थालेको छ । एलोपेथिक पद्धतिमा जस्तो चिरफार नहुने, एउटाको उपचार गर्दा अर्कालाई मलजल नहुने कारणले आयुर्वेदिक उपचार पद्धति लोकप्रिय हुन थालेको पनि हुनसक्छ । त्यहीकारण आयुर्वेदिक पसल खुल्नेक्रम बढेको छ, अनुभव मात्रले होइन औपचारिक योग्यता हासिल गरेर उपचार गर्ने दक्ष चिकित्सक, उपचारकर्मी बढ्दै जाँदा पनि आयुर्वेदिक क्लिनिक र फार्मेसीहरु बढेका छन् ।**

**कतिपय रोगहरुको आयुर्वेदिक पद्धतिमा पनि शल्यक्रिया हुन थालेको सन्दर्भले कहिलेकाहीँ दुर्घटना निम्त्याउने गर्छ । यस्तै भयो दमकस्थित एक आयुर्वेदिक चिकित्सा केन्द्रमा । पायल्सको शल्यक्रिया गर्ने क्रममा एक विरामीको मृत्यु भएपछि घटना सतहमा आयो । कुनै पनि व्यापार प्रतिष्ठान, उद्योग वा व्यवसाय सञ्चालन गर्नु पूर्व सम्बद्ध निकायमा दर्ता गर्नुपर्छ । तर, वरदान आयुर्वेदिक चिकित्सा केन्द्रमा उपचार गर्न आएकी सत्र वर्षीया सुमित्रादेवी चौधरीको उपचारकै क्रममा मृत्यु भयो । सरोकार निकायले अनुगम तथा नियमन नगर्दा हुन पुगेको यस्तो घटना पछि थोरै चेतना जागेको छ । स्थानीय सरकार भनिने दमक नगरपालिकाले यतिञ्जेल के हेरेर बस्यो ? आफ्नो क्षेत्रभित्रका विसंगति र विकृतिको अन्त्य गर्नु उसको दायित्व होइन ? यदि हो भने समाजलाई नकारात्मक असर दिने सम्पूर्ण बेथितिको अन्त्य हुनुपर्छ । जनप्रतिनिधि सुविधामुखी हुँदै जाँदा उत्पन्न यस्ता घटनाबाट पीडित सर्वसाधारणले न्याय पाउनै पर्छ ।**

# राष्ट्रिय सहकारी बैंक र सहकारी बैंक



रामचन्द्र उप्रेती

नेपालमा यतिखेर २०६० सालमा स्थापना भएको एक राष्ट्रिय सहकारी बैंक छ। सहकारी ऐन २०४८ मा (संशोधनसहित) सहकारी संघ-संस्थाको एकमात्र सहकारी बैंक हुनेछ भन्ने वाक्याङ्स राखिएको थियो। त्यसैले सहकारी ऐन २०७४ नआउँदासम्म अर्को सहकारी बैंक खोल्ने बाटो बन्द थियो। निकै सकसकाबीच आजको राष्ट्रिय सहकारी बैंक जन्म्यो र सकसकै बीच हुर्कदै आजको अवस्थामा आइपुगेको हो। यो देशमा भएका ३४ हजारभन्दा बढी सहकारीको एकमात्र सहकारी बैंक हो। १६ वर्षको अवधिमा यो बैंकले पहिचानसहित निकै राम्रो स्तरको विकास गर्न सफल भएको छ। सहकारी अभियानको एउटा सशक्त केन्द्रीय निकाय बन्न सफल भएको छ। यो सहकारी क्षेत्रमा लाग्ने सबैका लागि खुशीको विषय हो।

राष्ट्रिय सहकारी बैंक स्थापनाको शुरुको दशकमा यसका अगुवा प्रवर्तकहरु व्यक्तिको कारोबार सहकारी बैंकमा गर्ने छुट नभएकाले बैंकलाई सकस भएको, नाफा गर्न नसकेको, पूँजी बृद्धि गर्न नसकिएको, कारोबार बढाउन मुस्किल भएको भनेर भन्ने गर्नुहुन्थ्यो। त्यो बेला नै मैले यो तपाईहरुको माग नै बेठिक छ। राष्ट्रिय सहकारी बैंकले सहकारी संघ-संस्थाको मात्रै कारोबार गर्नुपर्छ। त्यसको सीमा नाघेर व्यक्तिलाई सदस्य बनाउने, व्यक्तिसँग कारोबार गर्ने काम गर्नु आफ्नो उद्देश्य र भूमिका बिर्सनु हो भन्ने गर्थें। मेरो आवाज यसका हर्ताकर्ताले सुन्ने कुरै भएन। उहाँहरु एकोहोरो यो कुरा हरेक कार्यक्रमहरुमा भनिरहनु हुन्थ्यो। नेपाल राष्ट्र बैंकले सहकारी संघ-संस्थालाई मात्रै सदस्य बनाउने र उनीहरुसँग मात्रै कारोवार गर्न पाउने गरिको अधिकार दिएको थियो। जुन आज पर्यन्त छ। अहिले ३४ हजार मध्ये ११ हजारभन्दा बढी सहकारी संघ-संस्था सदस्य भएका छन्। देशभरि झण्डै चार दर्जन शाखाहरुबाट अर्बौंको कारोबार गर्न र सदस्यलाई नाफा बाँढ्न सक्ने हैसियतको भएको छ। यसका लागि सबैलाई धन्यवाद दिनैपर्छ।

अहिले राष्ट्रिय सहकारी बैंकका अगुवाहरुमा फेरि केही संकुचनता पलाएको महशुस भएकाले यो लेख लेख्न आवश्यक ठानेको छु। सहकारी ऐन २०७४ आउन लाग्दा अर्को सहकारी बैंक आवश्यक छैन। यही बैंक भए पुग्छ भन्ने मानसिकता त्यसबेला नदेखिएको होइन। तर, एकभन्दा बढी सहकारी बैंक हुन सक्ने गरी ऐन आयो। रोक्न सकेनन्। तर, अर्को सहकारी बैंक भरसक खोल्न नसकुन् भनेर गर्न सक्ने जति गरेको आभाष हुन्छ ऐन हेर्दा। अहिले प्रदेश-प्रदेशमा सहकारी ऐन बन्ने क्रम जारी छ। भरसक प्रदेशमा बन्ने ऐनमा सहकारी बैंक खोल्ने प्रावधान नराखियोस् भन्ने आसयका साथ लविङमा राष्ट्रिय सहकारी बैंक लागेको देखिन्छ।

राष्ट्रिय सहकारी बैंकका अगुवा साथीहरुले समयको आवाजलाई बुझ्न आवश्यक छ भन्ने मेरो सुझाव हो। राष्ट्रिय सहकारी बैंक अब प्रारम्भिक सहकारी संस्थाको बैंक बन्ने क्रमबाट माथि उठेर जिल्ला-जिल्लामा, प्रदेश-प्रदेशमा खुल्ने सहकारी बैंकहरुको बैंक बन्नुपर्छ। अहिले नै बचत तथा ऋण सहकारी संस्था(नेफ्सकुन)का केन्द्र र जिल्ला-जिल्लामा बैंकिङ कारोवार गर्ने गरी कार्यालय छन्। तिनले अर्थात् जिल्ला-जिल्लाका बचत तथा ऋण सहकारीका संघहरुले आफ्ना सदस्य संस्थाबाट निक्षेप लिने र कर्जा प्रवाह गर्ने काम गर्दैछन्। कतिपय जिल्ला संघहरुले समेत यस्तो कारोवार गरेका छन्, साना किसान सहकारी बैंक छ, बहुउद्देश्यीय सहकारीहरुले पनि यस्तो बैंक चलाउने अभ्यास गरेका छन्। यी सबै अभ्यास समस्या हुन्छ। भएको छ।

टाढाका संस्थाले कारोवार गर्न केन्द्रमा सम्पर्क बनाउनुपर्ने अवस्था छ। नजिकमा शाखा खुलिहाले पनि त्यस्ता शाखामा कर्मचारी मात्र हुन्छन्। समिति त हुन्छ, तर त्यस्तो समितिलाई खासै अधिकार नै हुँदैन। त्यसैले धेरै कुरा केन्द्रसँग भर पर्नुपर्ने हुन्छ। केन्द्रले सबै विषयको नियन्त्रण, मूल्यांकन र निर्देशन गर्न सम्भव हुँदैन/छैन। यी र यस्ता थुप्रै कारणले गर्दा अब जिल्ला-जिल्लामा सदस्य सहकारी संघ-संस्थाको पूर्ण स्वामित्व हुने गरी सहकारीहरुको बैंक सहकारी बैंक खुल्नुपर्छ। खुल्ने बाटो ऐनमा आउनुपर्छ। यसमा राष्ट्रिय सहकारी बैंकले सघाउनु पर्छ, छेक्ने होइन। जिल्लाभित्र पालिकाहरुमा जिल्ला सहकारी बैंकको शाखा खोल्न आवश्यक भए तिनीहरुले नै खोल्छन्। सदस्यहरुको प्रतिनिधिले यस्ता बैंकको नेतृत्व निर्माण गर्छन्। यसरी निर्माण भएको नेतृत्वले स्थानीय आवश्यकता अनुसार सदस्यहरुको सेवासुविधाका लागि काम गर्छन्।

निक्षेप लिने, कर्जा दिने, सदस्य संस्थाको क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने, आफ्ना सदस्य संस्थाको जोखिमको आकलन गर्ने र सुझाव दिने, जस्ता




कार्यक्रम जिल्लामा खुलेका बैंकले गर्नेछन्। त्यसो भएमा नेफ्स्कुन, साना किसान, बहुउद्देश्यीय, विषयगत, कृषि आदिले बेग्लै-बेग्लै बचत ऋणको काम गर्नुपर्दैन। सबैले आफ्नै जिल्लामा भएको सहकारी बैंकमा कारोवार गर्छन्। आफ्नोपनको बोध पनि हुन्छ। तलवितल परे त्यही बसेर मिलाउँछन्, सच्याउँछन्। समस्या भए सिक्छन्। स्थानीय आवश्यकता बुझ्ने क्षमता राख्छन्। जिल्ला-जिल्लामा खुलेका सहकारी बैंकले राष्ट्रिय सहकारी बैंकको सदस्यता अनिवार्य लिनुपर्ने र उसले निर्धारण गरेको बैंकिङ नम्सको अनिवार्य पालन गर्नुपर्ने व्यवस्था हुनुपर्छ।

देशभरिमा यस्ता सहकारी बैंक बढीमा ७०/८० पनि हुन सक्छन्। शुरुमै यस्ता बैंकहरु धेरै नहुन सक्छन्। तर, क्रमशः संख्या बढ्दै जान सक्छ। अब राष्ट्रिय सहकारी बैंकले यस्ता बैंकहरुको बैंक अर्थात् सहकारी बैंकहरुको राष्ट्रिय सहकारी बैंक बन्नुपर्छ। राष्ट्रिय सहकारी बैंकले आफ्ना सदस्य सहकारी बैंकको निक्षेप लिने, कर्जा प्रवाह गर्ने, नियमन र अनुगमन गर्ने, स्तरोन्नतिका लागि तालिम दिने, सहकारी महासंघमा प्रतिनिधित्व गर्ने, सरकारसँग नीति-नियमका लागि लविङ गर्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने, सरकारले गरिबी निवारणका लागि चलाउने कार्यक्रमको पैसा सस्तो ब्याजमा वा अनुदानमा ल्याउने, आफ्ना सदस्यहरुलाई सीमा तोकेर, उद्देश्य अनुसार सरल ब्याजमा लगानी गर्ने आदि जस्ता कार्य गर्नुपर्छ।

त्यसैगरी नीति-निर्माणमा भूमिका निभाउने, अध्ययन अनुसन्धान गर्ने, केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक)सँग समन्वय गर्ने, केन्द्रीय बैंकको निर्देशनको पालना गर्ने र गर्न लगाउने, आफ्ना सदस्यहरुको जोखिमको आँकलन गर्ने, संस्थागत सुशासन कायम गराउन प्रयास गर्ने, सल्लाह सुझाव दिने जस्ता काम गरेर आफ्नो भूमिकालाई उचो राख्ने गरी बैंकहरुको बैंक बन्नुपर्छ। प्रारम्भिक सहकारी संस्था र संघको काम स्थानीय तहमा खुलेका सहकारी बैंकहरुलाई दिनुपर्छ। यसरी नयाँ भूमिकामा राष्ट्रिय सहकारी बैंकलाई अगाडि बढाउन वर्तमान नेतृत्वले सहयोग गर्नुपर्छ। अबको पाँच वर्षमा यो काम पूरा गर्ने गरी अहिले भएका बैंकका शाखाहरुलाई नै स्थानीय स्तरमा सहकारी बैंकको भूमिकामा रुपान्तरण गर्न भूमिका खेल्नु उपयुक्त हुन्छ।

यसो गर्दा राष्ट्रिय सहकारी बैंकको साधारणसभामा प्रतिनिधित्व गर्ने संस्थाको संख्या सिमित हुन्छ। कामकाजी र नियन्त्रण गर्न सक्ने हुन्छ। संस्थागत विकासमा सदस्यको महत्वपूर्ण भूमिका हुन्छ। तत्कालै गर्न सकिने र वर्तमान ऐनमै व्यवस्था भए अनुसार पनि राष्ट्रिय सहकारी बैंकको साधारणसभाका लागि जिल्ला-जिल्लामा सदस्य संस्थाहरुको भेला गराएर साधारणसभाका प्रस्तावहरु माथि छलफल गराउने र साधारणसभाका लागि प्रतिनिधि छान्ने व्यवस्था हुँदा पनि अहिलेको अवस्थामा सुधार हुन सक्छ र सदस्य संस्थाको अपनत्व बढ्न सक्छ।

वर्तमान अवस्थामा पनि राष्ट्रिय सहकारी बैंकले जिल्ला-जिल्लामा खुलेका बैंकका शाखाहरुमा भएका समितिको भूमिका बढाएर थप जिम्मेवार बनाउने प्रयास गर्दा राम्रो हुन्छ। जस्तै, शाखाको क्षेत्रभित्र सदस्यता विस्तार गर्न, शेयर बृद्धि गर्न, शाखाको वार्षिक कार्यक्रम तय गर्न, लक्ष्य निर्धारण गर्न, कर्जा लगानीको सिफारिस गर्ने, सिफारिस गरेको कर्जाको जवाफदेही बनाउने, सदस्य संस्थाको क्षमताको विस्तार गर्न कार्यक्रम बनाउने, तालिमको लागी सहजीकरण गर्ने, जोखिमको आँकलन गर्ने, खतराबाट जोगाउने गरी सुझाव दिने जस्ता जिम्मवारी प्रभावकारी रुपमा शाखा व्यवस्थापन समितिलाई दिएर जिम्मेवार बनाउने हो भने अहिलेको भन्दा राम्रो अवस्था हुने कुरामा विश्वास गर्न सकिन्छ।

# सहाराका महिला, सबै क्षेत्रमा पहिला



उमेश भारती

सहाराको २२औं वार्षिक साधारणसभाले पारित गरेको लोकप्रिय ५५ वटा नीति कार्यक्रम मध्ये कै उत्कृष्ठ कार्यक्रमको नाम हो 'सहाराका महिला सबै क्षेत्रमा पहिला' संस्था स्थापना देखि २४ वर्षे दौरानमा आइपुग्दा सहाराका एक लाख ४५ हजार शेयर सदस्यमध्ये ९२ प्रतिशत महिला सदस्यहरु छन्। संस्थाले सञ्चालन गरेका विविध क्रियाकलापहरु मध्ये लघुवित्त कार्यक्रममा त झन् ९९ प्रतिशत महिलाको सहभागिता छ। संस्थाको दुईदशक लामो गौरवशाली सामाजिक परिचालन, सहभागितामूलक आर्थिक समानता आत्मनिर्भरता, सशक्तिकरण, जीविकोपार्जन, समावेसी विकास निर्माणको सिलसिलामा आजसम्म आइपुग्दा महिला हकहित लैङ्गिक समानता, समता जस्ता विषयमा के-कस्ता उपलब्धि भए भन्ने कुराको लिष्ट तयार गर्दा पक्कै पनि निकै लामो सूची तयार हुन्छ होला। तर, मैले समावेशी विकास, शसक्तिकरण, ज्ञान र सीपको आधारमा क्षमता विकास गर्ने, नेतृत्व वित्तिय पहुँच जस्ता क्षेत्रमा केही उदाहरणीय सफल पात्रहरुलाई मात्र समावेश राखी अनुभवहरु मात्र जोडजाम गर्ने जमर्को गरेको छु। लाग्छ महिला सम्बन्धी भए गरिएका यी सफल प्रयास र अभ्यास हामी सबैको सरोकार, चासो एवम् प्रेरणाको क्षेत्र अवश्य बन्न सक्छ।

**महिला शसक्तिकरण, अवसर र नेतृत्व**

सहाराले लघुवित्त कार्यक्रम सञ्चालन गर्दा गठित पहिलो समूह गजुरमुखी सहारा महिला समूह नं.१ बिर्तामोड- २ सोमबारे हो भने अध्यक्ष पञ्चमाया राई समूह सञ्चालक कमला थपलिया हुन्। दोस्रो लालीगुराँस सहारा महिला समूह शिवसताक्षी नगरपालिका वार्ड नं. १० माइधार हो र सो को पहिलो अध्यक्ष विष्णुमाया चौहान हुन्। उक्त समूहको मान्यता र तालिम कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले नै दिनुभएको थियो भने सञ्चालन यशोदा प्रसाई गर्नुभएको थियो। सो समूहमा २० जनामात्र महिला सदस्यहरु आवद्ध थिए भने संस्थामा ३३ जना शेयर सदस्य, हाल संस्थाको कार्यक्रम छ जिल्लामा ६५ वटा सेवाकेन्द्र मार्फत सात हजार सात सय ३१ महिला समूह छन्। जसमा अध्यक्ष, सचिव, नियन्त्रक गरी २३ हजार एक सय ९३ जना समूह नेतृत्वमा रहेको र एक लाख ४५ हजार शेयर सदस्य रहेको कुरा संस्थाका वरिष्ठ विभागीय प्रमुख ईश्वर प्रसाद भट्टराई बताउनु हुन्छ। अध्यक्षलाई अगुवा नेतृत्व क्षमता विकास, सचिवलाई समूह आयव्यय हिसाब खाता राख्ने सीप र नियन्त्रकलाई समुदाय समूह र अन्य सरोकारवालाहरुसँग मिलेर समन्वय गर्ने योजक जस्तो समन्वयात्मक सीप र तालिमको व्यावस्था गरेको हुन्छ भने सबै महिला सदस्यहरुलाई आयआर्जन, बचत, महिला तथा किशोरी शिक्षा, मानवअधिकार, वित्तीय साक्षरता जस्ता विषयमा पनि बेला-बेलामा तालिम दिई शसक्तिकरण गरेकै कारण आज समाजमा भावनात्मक एकता भावनात्मक अन्तरसम्बन्ध कायम भई समूहहरु गठन गरी आबद्ध गर्ने क्रम जारी छ।

कनकाई नगरपालिका सुरुङ्गाकी समूह सदस्य शर्मिला खवास विगतमा संविधान सभा सदस्य बन्नु भएको थियो भने हाल बिर्तामोड नगरपालिकाकी शेयर सदस्य पवित्रा खरेल निरौला प्रतिनिधि सभा सदस्य हुनुहुन्छ। शकुन्तला घिमिरे अर्जुनधारा नगरपालिका वार्ड नं. ५ मा बडाप्रतिनिधि चुनिन सफल हुनु भएको छ। अर्कोतर्फ पूर्व सल्लाहकार एवम् शेयर सदस्य भोजकुमारी नेपाल शिवसताक्षी नगरपालिकाको उपप्रमुख हुनुहुन्छ। समूहका पदाधिकारी महिला सदस्यहरुले गाउँघरमा भएका समान्य झैं-झगडा, वादविवादहरुलाई समूहमा नै पारस्परिक समझदारीमा मेलमिलाप गरी सामाजिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याएको छ।

संस्थाले गठन गरेका अन्य भगिनी यानेकी सिष्टर महिला सहकारी संस्था नारी चेताना कनकाई-९, विवेकशील महिला सहकारी बिर्तामोड-२, शिवसताक्षी मौरिपालन कृषि सहकारी दूधे लगायतलाई सञ्चालनका लागि अन्य आवसकीय उपकरण प्रविधि तथा वित्तीय सहयोग उल्लेखनिय मात्रामा पुऱ्याएको छ। राष्ट्रिय लघुवित्त सम्मेलन काठमाडौंमा पटकै पिच्छे संस्थाबाट लघुवित्त महिला सदस्यहरुलाई राष्ट्रिय महिला सञ्जालमा पहुँच बढाउन समावेश गरिएको कुरा संस्थाका सहायक निर्देशक दिनेशबहादुर निरौला बताउनुहुन्छ। संस्थाको सञ्चालक समिति, सेवाकेन्द्र सहयोग समिति, युनिट समिति साथै अन्य विषयगत समिति, सल्लाहकारहरु तथा समग्र कर्मचारीमा समेत ३५ प्रतिशतको हाराहारीमा सहभागिता छ भने १६ जना महिला कर्मचारी सेवाकेन्द्र प्रमुखको रुपमा शाखाको नेतृत्व गरिरहनु भएको छ।

**शिक्षामा महिला**

मुलुकमा महिला साक्षरता ५७.४ प्रतिशत मात्र छ भने जनसंख्या ५१.५० प्रतिशत छ। २०४६ सालको प्रजातन्त्र प्राप्ति पछाडि निरक्षरता उन्मुलन गर्नका लागि बेला-बेलामा सरकारले आकर्षक नाराहरु ल्याएर साक्षर तथा साक्षरोत्तर कक्षा सञ्चालन गरिए पनि उतिसारो प्रभावकारी हुन सकेन। नेपालमा गणतन्त्र आइसकेपछि पनि सरकारले साक्षर बनौं अक्षर चिनौं भन्ने नाराका साथ पौढ शिक्षा निरन्तरता दिएको थियो। तर, समग्र महिला साक्षरता दर अझै निराशाजनक छ। निरक्षरता उन्मुलन कै लागि संस्थाले साक्षर र साक्षरोत्तर कक्षा सञ्चालन गर्यो जसका कारणले आज कुनै पनि शेयर सदस्यहरु निरक्षर छैनन्। अर्जुनधारा नगरपालिका वार्ड नं. ४ रातेखालकी ६२ वर्षीया दिलमाया दनुवार पहिलो प्रौढ कक्षा पढ्ने संस्थाकी शेयर सदस्य हुनुहुन्छ।

सहारा नेपालकी कर्मचारी कमला थपलिया र भक्तबहादुर खड्काले प्रौढ शिक्षा पढाउँदा-पढाउँदै चिठी पढ्न सक्ने हुनुभएकी दनुवार हाल नाति-नातिनीका किताब पढ्न लेख्न सक्ने कुरा बताउनुहुन्छ। उहाँको दाबी छ- 'म नै सहारा नेपालको पहिलो पौढ कक्षाको सहभागी हुँ'। एक गाउँ एक पशुस्वास्थ्य/कृषि जेटिए अभियान अन्तर्गत संस्थाले उल्लेखनीय संख्यामा महिलाहरुलाई प्राविधिक शिक्षा दिएको छ। जसको प्रभावले आज अधिकांश स्वरोजगार बनेका छन्। शेयर सदस्यका छोरा-छोरी बुहारीलाई प्राविधिक शिक्षा पढाए बापत संस्थाले विगतमा नगद रु.१५ हजार सहयोग गरेकै कारण बिर्तामोड-२ की प्रविणा थपलियालाई बीएसी नर्सरी पढ्न प्रेरणा र हौसला मिल्यो र आज उहाँले रोजगार पाउनुभएको छ भने अल्का बस्नेत डाक्टर बन्नुभएको छ। यो कार्यक्रमले गर्दा महिलाको प्राविधिक शिक्षामा पहुँच बढेको तथ्याङ्क संस्थासँग छ।



त्यस्तै संस्थाले असल छोरी-बुहारी पुरस्कार वितरण गरेर परिवारमा बुहारीलाई स्थापित गर्ने साथै ज्येष्ठ बुबा-आमा सासु-ससुरा पाल्ने छोरी-बुहारीलाई हौसला प्रदान गरेको छ भने यस्ता कार्यक्रमले मानव विकास सूचाकांक बृद्धिमा सहायक सिद्ध हुन सक्छ देशको मानव विकास सूचाकांक महिला ०.५३८ प्रतिशत मात्र छ। सो सम्मान पुरस्कार बिर्तामोड-२ कि कविता मैनाली मित्र, निर्मला रिजालले प्राप्त गर्नुभएको थियो। वित्तीय साक्षरता, सिलाई कटाई, अचार बनाउने, सिन्के धूप, मोमवती बनाउने, करेसाबारी, नर्सरी व्यावस्थापन, पशुपालन, बेमौसमी तरकारी, तटपटे तथा पानीपुरी, मः मः, मुडा बनाउने, गड्यौले मल, प्राङ्गारिक मल, झोला तन्ना, ढाका बुनाई, डेरी व्यावस्थापन, भान्सा नै औषधालय, गुडिया बनाउने, बुटिक अर्ग्यानाटिक टनेल भिलेज कार्यक्रम जस्ता सयौं तालिम तथा सीपहरु महिला सदस्यले लिएका छन्। आगामी दिनमा महिला कानुनी साक्षरता, स्वास्थ्य साक्षरता, विश्वास कार्यक्रम, सञ्चालन गर्ने घोषित नीति नै छ।

**उद्यम र उद्यमशीलतामा (आयआर्जन) महिला**

हाल संस्थाममा करिब २५ हजार महिलाहरु विभिन्न उद्यम इलम सञ्चालन गरेर उद्यमी बनेका कुरा संस्थाका वरिष्ठ विभागीय प्रमुख इश्वरप्रसाद भट्टराई बताउनुहुन्छ। ऊ बेला हात मुख जोड्न समेत धौ-धौ हुनुभएकी शिवसताक्षी दूधेकी देवीकुमारी ओली मौरीपालन व्यावसाय मार्फत आज उद्यमी राष्ट्रिय पुरस्कारबाट समेत सम्मानित हुनुभएको छ। र, मौरिपालक संघको केन्द्रीय उपाध्यक्षमा चुनिनु भएको छ। बिर्तामोड- २ चारपानेकी मिनाकुमारी मण्डल चटपटे व्यावसायबाट बजारमा तीन तले पक्की घर जोड्न सफल हुनु भएको छ। बिर्तामोड-३ समूह नं. ४३ कि सदस्य नैनकला ढकाल र अम्बिका चुडालले नेपाली कागज उद्योग सञ्चालन गरी ११ जनालाई रोजगार समेत दिएर मासिक रु. ६० हजारभन्दा बढी आम्दानी गर्न सफल हुनुभएको छ।

बाह्रदशी गाउँपालिका गोलोबारी समूह नं. ५६ कि सदस्य गीता राजवंशी व्यावसायिक बाख्रापालन व्यावसाय गरेर आफू र आफ्नो परिवारलाई उद्यमी बनाएर छरछिमेकी सबैको उदहरणीय पात्र बन्नुभएको छ। सफल बाख्रापालन व्यवसाय गरेकै कारण उनी संस्थाले आयोजना गरेको तरहरा, मौली जस्ता ठाउँको भ्रमण समेत गरिसक्नुभएको छ। गौरीगञ्ज गाउँपालिका वार्ड नं. २ कोरोबारीकी बेदिल राजवंशीले नर्सरी व्यावसाय गरी मनग्गे आम्दानी गरिरहनु भएको छ। गौरीगञ्ज-४ कदमगाछीकी सन्जाकुमारी ताजपुरिया र पिठोकुमारी ताजपुरियाले झल्ला, झोला बुनी काठमाडौंमा समेत बिक्रीको लागि पठाउनु हुन्छ। महिलाहरुकै आर्थिक पहुँच विस्तार गर्नका लागि बिना धितो, व्यावसायिक कृषि, साना व्यावसायी, उद्यमी, स्वारोजगार उर्जा, ऋण लगानीको समेत व्यवस्था छ। ऋणको सही सदुपयोग गरेर धैरै महिला सदस्यहरुको भूमिमा स्वामित्व बढेको छ। राष्ट्रिय डाटामा २६ प्रतिशत महिलाको हकमा मात्र जमिन छ। सहकारीमा महिला सदस्य ५१ प्रतिशतभन्दा बढी छ। निजी व्यवसायमा महिलाको भूमिका २५ प्रतिशत र सहकारी क्षेत्रमा ५० प्रतिशत देखिन्छ। महिलाहरुकै सर्वोपरी हितलाई केन्द्रमा राखेर नै संस्थाले वर्षेनि उद्यमी महिलाहरुको हौसला बढाउन मोहमद युनुस पुरस्कार रु. ५१ हजार नगद र सम्मानपत्र प्रदान गर्दछ। आजसम्म चार जना महिला उद्यमी धनकुमारी कटुवाल, सीता मिजार बिमला भण्डारी र लीलादेवी राजवंशीले संस्थाको वार्षिक साधारण सभाबाट सो सम्मान प्राप्त गरिसक्नुभएको छ।

यथार्थलाई स्वीकारी परिस्थितिलाई सुधार गर्नका निम्ति एकल महिला प्रोत्साहन भत्ता वार्षिक रु. आठ हजार, सुत्केरी पोषण, सुत्केरी भत्ता, महिला रोग पाठेघर जाँच भीआइए परीक्षण स्वास्थ्य शिविर, आँखा शिविर र अन्य शिविरहरु सञ्चालन गरेको छ। महिलाको खाना र छानाको व्यवस्थाको लागि विपन्न आवास कार्यक्रम सञ्चालनमा छ जसमा गौरीगञ्ज- ४ कि एकल विपन्न महिला कद्मीदेवी मुखिया, बिर्तामोड-२ चारपानेकी अपाङ्गता भएकी नेत्रहीन एकल महिला धामोसरी राजवंशीलाई सुरक्षित आवास घर निःशुल्क संस्थाले निर्माण गरिदिएको छ। शनिअर्जुन नगरपालिका वार्ड नं. ४ रातेखालकी ६९ वर्षीया ज्येष्ठ सदस्य मनकुमारी दनुवारलाई जीवनमै पहिलो चोटी सहारा नेपालले काठमाडौं, मनकामना, तातोपानी, खासा बजार, सौराहा आदि ठाउँको भ्रमण गराएकोमा दनुवार भन्नुहुन्छ- 'सो काम बाबुले नगरेको गुन सहयोग सहाराले नै दियो।' महिला सदस्यका खुशीका लागि चुरा मेहन्दी तथा तीज विशेष कार्यक्रमको पनि अत्यन्त महत्वूर्ण भूमिका छ।

विश्व बैकले गत फेब्रुअरिमा अर्थोपार्जन, आत्मसम्मानको तह अभिबृद्धि, आर्थिक संलग्नता कानूनी अधिकार तथा निर्णय अवस्थाको आधारमा woman business and law प्रतिवेदन सार्वजनिक गऱ्यो। दश वर्षको तथ्यांकलाई आठ सूचकांक अनुसार एक सय ८७ देशमा गरिएको अध्ययनमा नेपाल १६४औं स्थानमा छ। महिलाको विश्वव्यापी औसत सूचकांक ७५.१३ प्रतिशत रहेको प्रतिवेदनमा फ्रान्स, स्वीडेन, डेनमार्कको अंक शतप्रतिशत छ भने नेपाली महिलाले ५३.१३ अंकमात्र प्राप्त गरे। दीगो विकास लक्ष्यको बुँदा नं. ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकाहरुलाई शसक्त बनाउने उद्देश्यलाई सहयोग पुऱ्याउन हाम्रो संघीय गणतान्त्रिक नेपालका महिलाको समानुपातिक समावेशी विकासका लागि सहाराका महिला सबै क्षेत्रमा पहिला झैं आब सिंगो महिला जगतको पाइँला हाराहारी आधा हिस्सा बराबरी अभियानमा सहारा नेपाल समर्पित हुनुपर्छ।

# पेसापालो विश्वकपका लागि नेपाली खेलाडी छनौट




**भद्रपुर, भदौ ३०।** १०औं पेसापालो (फिनिस बेसबल) विश्वकप २०१९ मा नेपाली टोलीले भाग लिने भएका छन् ।

आगामी मंसीर १० देखि २४ गते (नोभेम्बर २६-३० तारिक) सम्म भारतको पुनेमा आयोजना हुने पेसापालो विश्वकपमा भाग लिन नेपाली राष्ट्रिय टोलीका लागि खेलाडी छनौट भइसकेको नेपाल पेसापालो संगठनका अध्यक्ष पारसमणि दाहालले जानकारी दिए ।

पेसापालो विश्वकपका लागि छनौटमा परेका झापाका तीनसहित १४ जना खेलाडीलाई झापामै प्रशिक्षण दिइँदैछ । नेपाल पेसापालो संगठनको आयोजना तथा मेचीनगर नगरपालिका कार्यालय र सरस्वती मावि बाहुनडाँगीको सहयोगमा खेलाडीहरुलाई बाहुनडाँगीमा प्रशिक्षण दिने कार्य शुरु भएको हो । आइतबारदेखि शुरु भएको पेसापालो खेलको प्रशिक्षण मंसीर ४ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।

नेपाली राष्ट्रिय टोलीमा विधान पोखरेल, ईश्वर जेसी, रुझन केसी, राजेश मैनाली, सुदिप भुर्तेल, लाक्पा सिंह (हेल्पो), राजु श्रेष्ठ, संकल्प श्रेष्ठ, सविर श्रेष्ठ, अतित खनाल, मुकुन्द पौडेल, सुजन उप्रेती, सक्रिय थापा मगर लगायतका खेलाडी छनौट भएका छन् । जसमध्ये मुकुन्द, सुजन र अतित झापाबाट छनौट भएका खेलाडी हुन् । चाडपर्वको बिदा कटौती गरेर ५१ दिनसम्म सञ्चालन हुने प्रशिक्षणमा नेपाली खेलाडीलाई फिनल्याण्डका पेसापालो प्रशिक्षक मिक्कोले प्रशिक्षण दिने छन् ।

फिनल्याण्डको राष्ट्रिय खेल पेसापालो भएकाले त्यही देशका प्रशिक्षक मिक्कोलाई बोलाइर नेपाली खेलाडीहरुलाई आजैदेखि प्रशिक्षण दिइने नेपाल पेसापालो संगठनले मेचीनगर नगरपालिकामा आयोजना गरेको पत्रकार सम्मेलन मार्फत जानकारी गराएको हो ।

'राष्ट्रिय खेलकुद परिषद्मा दर्ता नभएका नेपाल पेसापालो संगठन जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको संगठन हो' -अध्यक्ष दाहालले भने- 'प्रशिक्षणदेखि प्रतियोगितामा भाग लिनसम्म १५ लाखभन्दा बढी खर्च हुन्छ, यो खर्च सरकारबाट नभई विभिन्न संघ-संगठन र दाताबाट संकलन गरेका छौं ।' नेपालमा २०७४ माघको पहिलो साता यो संगठन गठन भएको बताउँदै अध्यक्ष दाहालले भने- 'भारतबाट ६६ जना खेलाडी काठमाडौंमा बोलाएर पहिलो पटक पेसोपालो मैत्रीपूर्ण खेल खेलाएका थियौं, त्यहीबाट नेपालमा खेलाडी छनौटसँगै यस खेलको शुरुवात भएको हो ।'

गतवर्ष बंगलादेशमा भएका एसियन पेसापालो च्याम्पियन प्रतियोगितामा नेपाली खेलाडीले राम्रो खेल प्रस्तुत गर्दै दोस्रो स्थान हासिल गरेको एसियन पेसापालो संगठनका उपाध्यक्ष प्रशान्त दाहालले बताए । 'पेसापालो फिनल्याण्डको राष्ट्रिय खेल भएकोले नेपाली खेलप्रेमी जनता लागि यो नौलो खेल हो, तर पछिल्लो समयमा यो खेल विश्वभर फैलिन थालिसकेकोले नेपालमा पनि ल्याएका हौं' -उनले भने- 'यो खेल बेसवल प्रकारकै खेल हो, यो खेल पुरुष टिम, महिला टिम वा पुरुष-महिला दुवै टिम गरी तीन वटा टिम बनाएर खेलिन्छ, नेपालमा पुरुष टिम मात्र छ । यो खेलमा १२ जना खेलाडी हुन्छ, अतिरिक्त २ जना गरी १४ जना खेलाडी सहभागि हुन्छन्' -उनले भने- 'ब्याटिङ्ग अडरमा १२ र फिल्डिङ्गमा नौ जना खेलाडी मैदानमा हुन्छ, यो खेल पनि रनकै आधारमा जितिन्छ ।'

भारतमा हुने पेसापालो विश्वकपमा नेपालसहित १२ वटा राष्ट्रले भाग लिइसकेको छ, सो विश्वकपमा नेपाली टोलीले उपाधि जित्ने उदेश्य राखेर दुई महिना अघिदेखि नै प्रशिक्षण दिने कार्य शुरु गरेको संगठनका कोषाध्यक्ष विनेश श्रेष्ठले जानकारी दिए ।

पत्रकार सम्मेलनमा बोल्दै फिनल्याण्डका पेसापालो प्रशिक्षक मिक्कोले भने- 'नेपाली खेलाडीमा पेसापालो खेलको प्रदर्शन र आत्मविश्वास राम्रो छ, त्यही भएर नेपाली खेलाडीलाई प्रशिक्षण दिन आएका हौं ।' कार्यक्रममा मेचीनगर नगर प्रमुख विमल आचार्य, सशस्त्र प्रहरीका डिएसपी ज्ञानमणि पौडेल, झापा जिल्ला खेलकुद विकास समितिका निर्वतमान अध्यक्ष शंकर थापा लगायतले नेपाली खेलाडीलाई जीतका लागि अग्रीम शुभकामना दिएका थिए ।

# अष्ट्रेलिया जानेलाई एक्सपर्टको परामर्श




**बिर्तामोड, भदौ ३०।** उच्च शिक्षा अध्ययन गर्न अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुलाई एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेस बिर्तामोड शाखाले शैक्षिक परामर्श प्रदान गरेको छ ।

एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेसले बिर्तामोडमा अष्ट्रेलियन एजुकेशन सेमिनार आयोजना गरेर अष्ट्रेलियाका सातवटा विभिन्न युनिभर्सिटी र कलेजका प्रतिनिधिहरुद्वारा शैक्षिक परामर्श प्रदान गरेको एक्सपर्ट एजुकेशन एण्ड भिजा सर्भिसेसका बिर्तामोड शाखा प्रबन्धक कृष्ण खतिवडाले जानकारी दिए ।

सेमिनारमा अष्ट्रेलियाका साउर्दन क्रस युनिभर्सिटी, टोरेन्स युनिभर्सिटी अष्ट्रेलिया, होम्स इन्स्टिच्युट, टेफ कलेज, बक्सहिल इन्स्टिच्युट, ब्राइटन कलेज, क्यूआइबिए कलेजका प्रतिनिधिहरुले उच्च शिक्षा अध्ययन गर्न अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुलाई आफूले पढ्न चाहेको युनिभर्सिटी, कलेज, विषय, शुल्क, अध्ययन सकेपछिको करियर लगायतका बारेमा जानकारी दिएका थिए ।

त्यस्तै उनीहरुले नेपाली विद्यार्थीहरुको शैक्षिक योग्यता, आर्थिक क्षमता, व्यक्तिगत रुचि लगायतलाई ध्यानमा राखेर अध्ययनका उपयुक्त विकल्पहरु, नेपाली विद्यार्थीहरुका लागि घोषणा गरिएका स्कलरसीप लगायतका बारेमा सेमिनारमा सहभागी विद्यार्थीहरुलाई जानकारी दिएका थिए ।

सेमिनारमा सहभागी उच्च शिक्षा अध्ययन गर्न अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुले आफ्नो रुचिको विषय, आफूले अध्ययन गर्न लागेको शैक्षिक संस्था, जान मन लागेको स्थानबारे जानकारी लिएका थिए ।

त्यस्तै एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेस अष्ट्रेलियाका पर्थ शाखा प्रमुख समाज भण्डारी र कन्ट्री म्यानेजर शरदराज पाठकलगायतले उच्च शिक्षा अध्ययन गर्न अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुलाई अष्ट्रेलियाको विद्यार्थी जीवन, त्यहाँका अवसर र चुनौति, अध्ययन सकेपछिको करियर, त्यहाँको नीतिमा भएका परिवर्तन लगायतका बारेमा जानकारी दिएका थिए ।

सेमिनारमा एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेसका बिर्तामोड शाखा प्रबन्धक कृष्ण खतिवडाले अष्ट्रेलिया गुणस्तरीय शिक्षाको लागि विश्वभर प्रख्यात मुलुक भएकाले गुणस्तरीय शिक्षाका लागि अष्ट्रेलिया नेपाली विद्यार्थीहरुको गन्तव्य बन्दै गएको बताए ।

उनले डेढ दशकभन्दा बढी समयदेखि अष्ट्रेलिया केन्द्रित शैक्षिक परामर्शको सेवा प्रदान गरिरहेको बताउँदै यस अवधिमा विश्वका विभिन्न देशहरुबाट करिब ५० हजार विद्यार्थीलाई अष्ट्रेलिया अध्ययनका लागि जाने सेवा प्रदान गरिसकेको बताए ।

उच्च शिक्षा अध्ययन गर्न अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुलाई अष्ट्रेलिया अध्ययनका लागि पठाउने मात्र होइन, उनीहरुको अध्ययन पश्चातको करियरको योजना बनाउन पनि केन्द्रित रहने बताउँदै बिर्तामोड शाखा प्रबन्धक खतिवडाले एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेसलाई विश्वास गरेकै कारण अष्ट्रेलियाका अधिकांश विश्वविद्यालय तथा कलेजहरुबाट गुणस्तरीय सेवाका लागि अवार्डहरु प्राप्त गरेको बताए ।

नेपालको पूर्व बिर्तामोडदेखि पश्चिमको धनगढीसम्मका १६ वटा र अष्ट्रेलियाका प्रमुख आठ वटा शहरमा एक्सपर्ट एजुकेशन एण्ड भिसा सर्भिसेसका कार्यालयहरु रहेको बताउँदै उनले दक्ष शैक्षिक परामर्शदाता, माइग्रेसन एजेन्ट लगायतले विद्यार्थीहरुलाई विश्वसनिय र गुणस्तरीय सेवा प्रदान गरिरहेको बताए ।

क्यानडा जान चाहने विद्यार्थीहरुका लागि पनि परामर्श सेवा शुरु गरेको बताउँदै उनले सेमिनारमा उच्च शिक्षा अध्ययन गर्न क्यानडा जाने विद्यार्थीहरुलाई क्यानडा अध्ययनबारे परामर्श दिएको बताए ।

सेमिनारमा एक सय ५० भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको र उनीहरुले आइटी, इन्जिनियरिङ, नर्सिङ, एकाउन्टीङ लगायतका बिषयहरुबारे जानकारी लिएको बिर्तामोड शाखा प्रबन्धक खतिवडाले बताए ।

# माँ लक्ष्मीको ११औं सभा



**बिर्तामोड, भदौ ३०।** झापाको बिर्तामोड-४ स्थित माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको ११औं साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष घनश्याम चौधरीको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका सचिव युवराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष देवेन्द्रकुमार सिंहले स्वागत गरेका थिए ।

कार्यक्रममा शिखर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष दिपेन्द्र राउत, पातालगंगा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रेवती खनाल, गौरवशाली बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष लवकुमार चौधरी, चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, पत्रकार राजेन्द्र गौतम, संस्थाका संस्थापक अध्यक्ष धर्मराज माझी, पूर्व अध्यक्ष रामप्रित शर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा उत्कृष्ठ बचतकर्ता मीरा कार्की, उत्कृष्ठ उद्यमी ऋणि विनोद राजवंशी, उत्कृष्ठ कर्मचारी सरस्वती राजवंशी, पत्रकार राजेन्द्र गौतम, एसईईमा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीमध्ये विशाल साह, गंगा मेचे, ज्येष्ठ महिला सदस्य उषा दास, उत्कृष्ठ शेयर सदस्य महेन्द्रप्रसाद गुप्तालाई सम्मान एवम् पुरस्कृति गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष चौधरीले वार्षिक प्रतिवेदन पेश गरेका थिए । संस्थाको शेयर सदस्य एक हजार आठ सय ५७, शेयर पुँजी एक करोड ६५ लाख छ हजार दुई सय, निक्षेप संकलन ४६ लाख करोड ६० लाख ४१ हजार दुई सय ६३, निक्षेप फिर्ता ४४ करोड ६३ लाख ३३ हजार तीन सय ३२, कर्जा लगानी आठ करोड ३१ लाख ५० हजार एक सय १३, कर्जा असुली सात करोड ८४ लाख ६१ हजार पाँच सय ६६ रुपैयाँ रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा लेखा समितिका संयोजक रमेशकुमार खतिवडाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका सचिव सञ्जयकुमार शर्माले गरेको व्यवस्थापक दिपक साफीले जानकारी दिए ।


## घर भाडामा

होटल एण्ड लजको लागि घर भाडामा छ ।

गणपति कम्प्लेक्स
सुरूङ्गा (९८१६००६३७३

## सटर भाडामा

कनपा-१ दुर्गापुर बाटो उत्तर महेन्द्र राजमार्गसँग जोडिएको नेपाल बहुउद्देश्यीय सहकारी संस्था रहेको घरको भुँइतलाको २ वटा सटर खाली रहेको हुँदा भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.
९८४२६७७७७६
९८२४९६९१६५


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| इभा दिव्या कृषि फारम | जुरोपानी-८ | १९५७ | १२६०.३४ | सत्यवती दासिनि<br>चुनु हेमरम/कस्रु राजवंशी<br>खड्बहादुर खनाल |
| इभा दिव्या कृषि फारम | जुरोपानी-८ | १९५६ | ६१३.०० | चुनु हेमरम सतार<br>कुरिया सतार/कस्रु राजवंशी |
| इभा दिव्या कृषि फारम | जुरोपानी-८ | १९५० | १२०४.११ | चुनु हेमरम सतार<br>खड्गबादुर खनाल<br>कुरिया सतार/कस्रु राजवंशी |
| दिव्याकुमारी लोहोनी समेत | जुरोपानी-८ | ७१७<br>७२०<br>१११५ | ३८८५.००<br>१५२५.००<br>११३४.३१ | भानुभक्त खरेल<br>भानुभक्त खरेल<br>भानुभक्त खरेल |
| दिव्याकुमारी लोहोनी समेत | जुरोपानी-८ | ७१६ | ३७१५.०० | भानुभक्त खरेल |
| दिव्याकुमारी लोहोनी समेत | जुरोपानी-८ | ६७५<br>६७६ | ३६६९.२३<br>२२५.०० | (करधुरी राजवंशी<br>हर्ख सिं राजवंशी) |
| दण्डपाणी काफ्ले | खजुरगाछी-५ | ६१७ | ०-१०-० | फरमोदिन मिया |
| ललितबहादुर प्रसाई | खजुरगाछी-४<br><br>खजुरगाछी-९ | ५५७<br>११७<br>१६११ | ८२५.००<br>१२७५.००<br>५४२५.०० | सनतलाल/जमुना सतार<br>"<br>जमुना सतार/धनधकु मुसहर |


## कर्मचारी आवश्यकता

यस मेघा सिमेन्ट इण्डष्ट्रिज प्रा. (लि) मेचीनगरलाई एक (१) जना एकाउटेण्ट कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला । कम्प्युटरमा अनिवार्य टैली कोर्ष गरेका दक्ष व्यक्तिलाई मात्र विशेष प्रथामिकता दिइनेछ ।

**शैक्षिक योग्यता :** स्नातकोत्तर (ब्याचुलर पास) वा सो सरह

**तलब :** आपसी समझदारीमा

***नोट : बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र सम्पर्क गर्नुहोला***

**मेघा सिमेन्ट इण्डष्ट्रिज प्रा.(लि)**

मेचीनगर-१५ (ज्यामिरगढी) झापा, **सम्पर्क : ९८५२६२०५८५, ९८६२७७७०८३**





## अखिल नेपाल सेक्युरिटी मजदुर संघ
### १ नं. प्रदेश समितिको
## प्रेस विज्ञप्ती

*मिति: २०७६/०५/२९*

यस पूर्वाञ्चल क्षेत्रको प्रदेश नं. १ अन्तर्गत पर्ने मोरङ, सुनसरी, झापा लगायतका १४ वटा जिल्लाहरुमा निजी सुरक्षा प्रदायक ठेकेदार कम्पनीहरु मार्फत सरकारी, गैरसरकारी, निजी उद्योग, गोदाम, कलकारखाना, स्कुल, कलेज, अफिस, बैंक, अस्पताल, महानगरपालिका, उपमहानगरपालिका, गाउँपालिका, सामाजिक विकास मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, विद्युत् प्राधिकरण, टेलिकम लगायतका स्थानहरुमा सुरक्षा पेशामा कार्यरत सुरक्षा मजदुरहरु वर्षौंदेखि अति न्युन ज्यालामा बिना कुनै सेवासुविधा काम गर्न बाध्य छौं । हामी र हाम्रो संगठन अखिल नेपाल सेक्युरिटी मजदुर संघको अगुवाईमा श्रम ऐन २०७४ अनुसार सेवासुविधा पाउनका लागि पटक-पटक सेक्युरिटी मजदुरहरु आन्दोलित भइरहेको अवस्था छ । आउँदो २०७६ सालको बडा दशैं नजिक आइसकेको छ । श्रम ऐन २०७४ को दफा ३७ अनुसार प्रत्येक श्रमिकले खाइपाइ आएको एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम रु. ८, ४५५।- प्रत्येक वर्ष चाडपर्व खर्च (दशैं खर्च) पाउनेछ भनी उल्लेख गरिएको छ । सोही दफामा चाडपर्व खर्च (दशैं खर्च) पाउने दिनसम्ममा कामदारको नोकरी अवधि १ वर्ष पूरा नभएको अवस्थामा नोकरी अवधिलाई १२ ले भाग गरी महिना, दिनलाई विभाजन वा गणना गरी सोही अनुसार पाउनेछ भनी उल्लेख गरिएको हुँदा सोही अनुसार सबै निजी सुरक्षा प्रदायक ठेकेदार कम्पनीहरु मार्फत कार्यरत सुरक्षा मजदुरहरुलाई आउँदो २०७६ सालको दशैं अगावै अनिवार्य चाडबाड खर्च (दशैं खर्च) रु. ८,४५५।- वितरण गर्न हुनका लागि संगठनको तर्फबाट अनुरोध गर्दछौं । यदि कुनै कम्पनीले अटेर गरी समयमा दशैं खर्च उपलबध नगराएको खण्डमा आउदो वडा दशैं २०७६ असोज १८ गते शनिबारदेखि २२ गते बुधबारसम्म जम्मा ५ दिन दशैं अवधिभरि सुरक्षा मजदुरहरु काममा नजाने जानकारी यसै विज्ञप्ति मार्फत जानकारी गर्दछौं । यदि सो दशैं विदाको दिन डिउटी नगरिएको अवधिभरिमा कुनै किसिमको हानीनोक्सानी वा घटना घट्न गएको खण्डमा सोको जिम्मेवारी सम्बन्धित निजी सुरक्षा प्रदायक ठेकेदार कम्पनीका मालिकहरु हुने जानकारी गराउँदछौं ।

**टेकनारायण श्रेष्ठ : अध्यक्ष**
**अखिल नेपाल सेक्युरिटी मजदुर संघ, प्रदेश समिति प्रदेश नं. १**

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापाको

## ब्याजदर परिवर्तन सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७६।५।३०*

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) अन्तर्गत बैङ्किङ व्यवसायको साविकको कर्जा तथा निक्षेप ब्याजदरमा मिति २०७६ भदौ १ गतदेखि लागू हुनेगरी तपसिल अनुसार परिवर्तन भएको सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप तर्फ :**

| क्र.सं. | विवरण | परिवर्तित ब्याजदर |
|---|---|---|
| १ | ३ महिनादेखि ३ वर्षसम्मको मुद्दति | ११ प्रतिशत |

**कर्जा तर्फ :**

| क्र.सं. | विवरण | साविक ब्याजदर | परिवर्तित ब्याजदर |
|---|---|---|---|
| १ | आवधिक कर्जा | १५ प्रतिशत | १४ प्रतिशत |
| २ | १० लाखमाथिको व्यावसायिक कर्जा | १४ प्रतिशत | १३ प्रतिशत |
| ३ | १० लाखभन्दा कमको व्यावसायिक कर्जा | १५ प्रतिशत | १४.५ प्रतिशत |

पुनश्च : १) विगतमा लगानी भएका कर्जाहरुमा समेत माथि तोकिएको मितिदेखि नै घटेको ब्याजदर लागू हुनेछ ।

**- प्रधान कार्यालय**

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, झापाको

## सदस्य स्वःघोषणा सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७६।५।३०*

सहकारी नियमावली २०७५ को बुदा १७ (उपदफा ३ र ४) मा यस सहकारी संस्थामा सदस्य रहनुभएका नेपाली नागरिकहरुले समान प्रकृतिको अर्को सहकारी संस्थामा सदस्य रहे नरहेको स्वःघोषणा गर्नुपर्ने व्यवस्था भएबमोजिम यस नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका सदस्यहरुले आफू सदस्य रहेको कार्यालयमा उपस्थित भई स्वःघोषणा फारम भर्नुहुन जानकारी गराइन्छ ।

सहकारी ऐन २०७४ को दफा ३२ बमोजिम एक व्यक्ति एकभन्दा बढी समान प्रकृतिका सहकारी संस्थामा सदस्य रहन नपाउने व्यवस्था रहेको र यदि एकभन्दा बढी सहकारी संस्थामा सदस्य रहेको भए २०७७ असोज मसान्तसम्ममा अन्य संस्थाहरुको सदस्यता त्याग गरिसकेको हुनुपर्ने व्यवस्था रहेको हुँदा यस संस्थाका सदस्यहरु समान प्रकृतिको अन्य कुनै सहकारी संस्थाको समेत सदस्य रहनु भएको भए सो अवधि अगावै अन्य संस्थाको सदस्यता त्याग गर्नुहुन समेत जानकारी गराइन्छ ।

**- कर्पोरेट कार्यालय**

# अब दुई लाखभन्दा बढीको कारोवारमा चेक काट्नु नपर्ने

**झापा, भदौ ३०।** तपाईंले चेकमार्फत कारोवार गर्दै हुनुहुन्छ ? यदि त्यसो हो भने अब तपाईंले चेक नकाटे पनि हुने भएको छ । नेपाल राष्ट्र बैंकले आइतवारदेखि सञ्चालनमा ल्याएको रियल टाइम ग्रस पेमेन्ट सिस्टम (आरटिजिएस) ले तपाईंलाई चेक काट्ने तथा अन्य व्यवहारिक समस्यालाई समेत समाधान गरिदिने भएको छ ।

बैंकका अनुसार रु. दुई लाखभन्दा बढीको भुक्तानीमा चेक काट्नु नपर्ने भएको हो । यस्तै बैंक तथा वित्तीय संस्थाले एकापसमा गर्ने भुक्तानीमा समेत सोही प्रणाली लागू भएकाले चेक काट्नुपर्ने अवस्थाको अन्त्य भएको हो । यसबाट चेक बोक्नुपर्ने बाध्यताको समेत अन्त्य भएको छ । आफ्नो खाता भएको बैंकमा गएर कसलाई भुक्तानी दिनुपर्ने हो, त्यसको सूचना दिएपछि बैंकका कर्मचारीले चेक नकाटी भुक्तानी दिनेछन् । त्यसअघि सामान्य एउटा फर्म भरे मात्रै हुनेछ । यस्तै खाता भए/नभएको, खातामा पैसा भए/नभएको तथा खातावाला व्यक्तिको आवश्यक विवरण रुजुपछि बैंकले तत्काल नै अर्को व्यक्तिको खातामा पैसा पठाइदिनेछ । यसबाट समयको समेत बचत हुनेछ ।

यस्तो प्रणाली तत्कालका लागि भने ऐच्छिक मात्रै हुनेछ । सबै ग्राहक अभ्यस्त भइसकेपछि पूर्णरुपमा लागू गर्ने केन्द्रीय



बैंकको भनाइ छ । यो प्रणाली लागू भएपछि चेक क्लियरिङमा कुनै समय लाग्दैन । सामान्यतया चेक क्लियरिङमा २४ घण्टा समय लाग्दै आएको छ । यस्तो व्यवस्था तत्कालका लागि भने रु. दुई लाखमाथिको कारोवारमा मात्रै लागू हुनेछ । त्यसभन्दा तलको परिमाणको रकममा भने चेक आवश्यक पर्नेछ । आरटिजिएस प्रणालीमा सबै उपभोक्ता अभ्यस्त भइसकेपछि भने जुनसुकै परिमाणको रकममा समेत चेक काट्नु पर्ने अवस्थाको अन्त्य हुनेछ । यो प्रणालीले तत्काल नै रकम जम्मा हुनेछ । सो प्रणालीको शुरुवात गर्दै नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालले आरटिजिएस प्रणाली प्रविधिको क्षेत्रमा नयाँ र प्रभावकारी प्रणाली भएको बताए । उनले भने- यो अन्तर्राष्ट्रिय प्रकारको प्रणाली हो । यसले पारदर्शी र कारोवार प्रणालीलाई थप व्यवस्थित गर्छ । हामी बैंक तथा वित्तीय संस्थालाई थप व्यावसायिक र पारदर्शी बनाउन लागीपरेका छौं ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले यही भदौ २२ गते नै आरटिजिएस प्रणाली लागू गर्न २८ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुसँग सम्झौता गरिसकेको छ । राष्ट्र बैंकले यही भदौ १९ गते आरटिजिएस नियमावली ल्याएको थियो । सोही नियमावली अनुसार नै भदौ २० गते निर्देशन दिँदै २४ गतेभित्र कार्यान्वयन गर्न निर्देशन दिएको थियो । केन्द्रीय बैंकका भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रका अनुसार बैंक तथा बित्तीय संस्थाले अनिवार्य रुपमा आरटिजिएस प्रणालीमार्फत कारोबार गर्नुपर्छ । उनका अनुसार जुन बैंकको चेक हो, त्यही बैंकको अर्को खातामा साट्दा मात्रै उसै दिन साटिने गरेको छ ।

एउटा बैंकको चेक अर्कोमा साट्दा पैसा जम्मा हुन कम्तीमा पनि एक दिन लाग्ने बाध्यता आरटिजिएस प्रणालीले अन्त्य गरिदिनेछ । कार्यकारी निर्देशक मिश्रले भुक्तानी गर्ने खातावालले मेरो खाता यो बैंकका छ, खाता नम्बर यति हो र भुक्तानी गरिदिनु भनेपछि तत्कालै भुक्तानी हुने बताए । सामान्यतया एउटा चेक छाप्न ८० पैसासम्म खर्च लाग्ने गरेको छ । बैंकका हजारौं ग्राहकलाई अनिवार्य रुपमा नै चेक दिनुपर्ने हुन्छ । त्यस आधारमा चेकका लागि नै ठूलो रकम खर्च हुने गरेको छ ।

# १८ शिक्षक सम्मानित

**सुरुङ्गा, भदौ ३०।** नेपाल राष्ट्रिय शिक्षक संगठन कनकाई नगर समितिद्वारा १८ जना शिक्षकलाई सम्मान गरिएको छ ।

संगठनका अध्यक्ष हरिप्रसाद तिम्सिनाको अध्यक्षता र झापा क्षेत्र नं. ४ (ख) का सांसद हीराकुमार थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कनकाई नगरभित्रका सामुदायिक विद्यालयका अनिवार्य तथा स्वेच्छिक अवकास प्राप्त १८ जना शिक्षकहरुलाई सम्मान गरिएको थियो ।

त्यसैगरी, शिक्षा सेवामा प्रवेश गर्ने, सरुवा भई कनकाई नगरभित्र आउने ५० जना शिक्षकहरुलाई स्वागत तथा बधाई ज्ञापन गरिएको थियो । नेकपा केन्द्रीय सदस्य तथा शिक्षक हित बचत (साकोस) झापा अध्यक्ष नारायणप्रसाद गौतमको विशिष्ट आतिथ्य र नेपाल राष्ट्रिय शिक्षक संगठन पूर्व कार्यवाहक अध्यक्ष तथा नेकपा जिल्ला कमिटी सचिवालय सदस्य जनार्दन उप्रेतीको विशेष आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा सम्मानित हुने शिक्षकहरुले शिक्षण कार्य गर्न अझ हौसला मिलेको बताएका थिए ।

कार्यक्रममा आदर्श विद्या मन्दिर मावि घैलाडुब्बाका प्रधानाध्यापक धर्मानन्द निरौला, सम्मानित व्यक्तित्व निर्मलकुमार खतिवडा, कनकाई नगर शिक्षा समिति सदस्य एवम् भगवती आधारभूत विद्यालय कनकाई-५ का विद्यालय व्यवस्थापन समिति अध्यक्ष ओमप्रसाद पाठक, आदर्श विद्या मन्दिर मावि घैलाडुब्बाका शिक्षक भीमप्रसाद अधिकारी, कनकाई माविका प्रधानाध्यापक कर्णबहादुर डाँगी लगायतले शुभकामना दिएका थिए ।

कनकाई नगर समितिकी महिला उपाध्यक्ष कमला पौडेल (ढकाल)ले स्वागत गरेको कार्यक्रममा अध्यक्ष हरिप्रसाद तिम्सिनाले औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रमको सञ्चालन कनकाई नगर समितिका सचिव चन्द्रप्रसाद पोखरेलले गरेका थिए ।

# झापा बस्तु तथा सेवा उपभोक्ता संरक्षण संघको सभा



**बिर्तामोड, भदौ ३०।** झापा वस्तु तथा सेवा उपभोक्ता संरक्षण संघको पाँचौ बार्षिक साधारणसभा लक्ष्मीपुरमा सम्पन्न भएको छ ।

संघका अध्यक्ष रामबहादुर राईको अध्यक्षता तथा संघका केन्द्रीय सदस्य नेत्र राईको प्रमुख आतिथ्य र अर्जुनधारा नगरपालिका वडा नं. ५ का वडाध्यक्ष ध्यानबहादुर भारतीको विशेष आतिथ्यमा कार्यक्रम भएको थियो ।

संघका प्रदेश नं. १ उपाध्यक्ष प्रकाशचन्द्र उप्रेतीले स्वागत गरेको कार्यक्रममा अध्यक्ष राईले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । अध्यक्ष राईद्वारा प्रस्तुत प्रतिवेदनमा संघले माटोको स्वास्थ्य सुधार अभियान, कौशी खेती जडिबुटी उद्यान केन्द्र, भान्सा नै औषधालय, हाम्रो शहर सून्य फोहर, फोहोरलाई मोहर जस्ता तालिम सञ्चालन गर्नुका साथै वडाहरुमा समिति बिस्तार गरिएको उल्लेख छ ।

त्यस्तै २८ बुँदे भान्सा नै औषधालय घोषणा र आर्थिक बर्ष २०७६/०७७ मा गरिने कार्यक्रमका बिषयमा साधारणसभामा जानकारी गराइएको थियो । कार्यक्रममा आर्थिक प्रतिवेदन संघका कोषाध्यक्ष टेकबहादुर गिरीले प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको प्रतिवेदनमा सदस्य शुल्कबापत पाँच लाख, स्थानीय तह र विभिन्न संस्थाबाट अनुदान १२ लाख, कार्यक्रमबाट १५ हजार र बन उपभोक्ता समूहबाट दुई लाख रुपैयाँ आम्दानी गरेको उल्लेख छ । त्यस्तै खर्चतर्फ तालिम गोष्ठी सहकारी समूहहरुलाई नौ लाख ५७ हजार, परिचयपत्र वितरणमा ८५ हजार, सरकारी निकायहरुमा छलफल अन्तरक्रिया र गोष्टीमा एकलाख, प्रचार सामग्री तयारमा दुई लाख, कार्यालय ब्यवस्थापनमा तीन लाख १० हजार, स्टेशनरी ५० हजार, सञ्चार खर्च १५ हजार, यातायात खर्च ५० हजार साधारणसभा खर्च एकलाख, लेखा परीक्षणमा १० हजार, नविकरणमा १५ हजार र कार्यालय भाडा २३ हजार उल्लेख छ ।

कार्यक्रममा संघका झापाका संस्थापक अध्यक्ष पुष्पबहादुर घले, सचिव तेजबहादुर गिरी, संस्थाका अभियन्ता इन्दिरा भट्टराई, गान्धारी मिश्र, प्रदेश नं. १ उपाध्यक्ष दुर्गादेवी चौहान, जिल्ला सदस्य रमा पाण्डे, चन्द्रबहादुर विष्ट, बिर्तामोड नगर सचिव टेकनाथ पाण्डे, अर्जुनधारा नगर अध्यक्ष खेमराज दाहाल, सचिव दिनानाथ शिवाकोटी, दमक नगर सदस्य प्रेम चापागाई सदस्य छत्र योङहाङ लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव ताराप्रसाद गौतमले गरेका थिए ।

# एनएमसीको कर्जा व्यवस्थापन तालिम

**इलाम, भदौ ३०।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) अन्तर्गतको विषयगत समिति शिक्षा तथा तालिम समितिको आयोजना तथा राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा दुई दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

तालिममा राष्ट्रिय सहकारी बैंकका कर्जा विभाग प्रमुख प्रमोदकुमार घिमिरेले सहजीकरण गरेका थिए । एनएमसीका ३८ वटै कार्यालयबाट कर्जा फाँटका कर्मचारी, प्रधान कार्यालयस्थित कर्जा विभागका कर्मचारी तथा समिति पदाधिकारीहरुलाई कर्जा तथा यससँग सम्बन्धित जोखिम न्यूनीकरणका विषयमा सहजकर्ता घिमिरेले सहजीकरण गरेका थिए ।

सहजीकरणका क्रममा घिमिरेले सहकारीको क्षेत्रमा कर्जाले महत्वपूर्ण भूमिका खेल्ने र कर्जा कारोबार वित्तीय क्षेत्रसँग सम्बन्धित भएको कारण यसतर्फ सहकारी संस्थाले विशेष ध्यान पुऱ्याउनुपर्ने बताए । कतिपय सहकारीले कर्जा जस्तो महत्वपूर्ण पक्षलाई बेवास्ता गरेका कारण मुलुकमा सहकारीको छवि बेला-बेला धुमिलिने गरेको उनको तर्क थियो । कर्जा खराब हुनुमा सदस्यको जतिको भूमिका हुन्छ, त्यति नै संस्थाको पनि भूमिका हुने भएकाले सदस्यको वित्तीय अनुशासनलाई विशेष ध्यान दिएर कर्जा प्रवाह गर्न सहजकर्ता घिमिरेले संस्थालाई सुझाव दिएका थिए ।

कार्यक्रममा संस्थाका सञ्चालक समिति अध्यक्ष रामचन्द्र उप्रेतीले एनएमसीले अहिलेसम्म बनाएको साखलाई जोखाउँदै व्यवसाय विविधिकरणलाई संस्थाले अबको दिनमा क्रमशः अझ अगाडि बढाउने बताए । आजसम्मको एनएमसीको समीक्षा गर्दा यसको सबैभन्दा सबल पक्ष यसको संस्कार भएको बताउँदै अध्यक्ष उप्रेतीले यही संस्कारलाई स्थापित गराउँदै सबै व्यावसायिक परियोजना सफल बनाउन सम्पूर्णलाई आह्वान गरेका थिए ।

कार्यक्रममा संस्था सञ्चालक समिति सदस्य तथा बैंकिङ व्यवसाय समिति संयोजक ठाकुरप्रसाद सिवाकोटी, लेखा सुपरीवेक्षण समिति सदस्य अम्बिकाप्रसाद ढकाल, प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती, कर्जा विभाग प्रमुख धनेन्द्र तिवारी लगायतले बोलेका थिए । समितिका संयोजक सावित्रा दाहाल भट्टराई, सदस्यद्वय केसी श्रेष्ठ र चन्द्रप्रसाद भट्टराईले पालैपालो सभापतित्व गरेको कार्यक्रमको सञ्चालन सामुदायिक विभाग प्रमुख अरुणकुमार प्रधानले गरेका थिए ।

# 'प्रेमगीत ३' का लागि प्रदीपको यस्तो ज्यान

अहिलेका सर्वाधिक डिमान्डेड र महँगा अभिनेता हुन्- प्रदीप खड्का । उनी अभिनित फिल्म 'प्रेमगीत २' बाहेक कुनै फिल्म बक्सअफिसमा सफल छैनन् । तर, त्यसको असर उनको 'ब्राण्ड भ्यालु' मा परेको छ । पछिल्लो रिलिज फिल्म 'लभ स्टेशन' ले आफ्नो फ्लप श्रृंखलामा पूर्णविराम लगाउनेमा उनी विश्वस्त थिए । तर, एक टर्कीस फिल्मको कथा हुँबहुँ चोरिएको प्रमाणित भएपछि फिल्मले हलमा पानी भन्न पाएन ।

यो फिल्मको असफलताले हच्किएका उनी अहिले आफूलाई 'स्टार' बनाएको सिरिज 'प्रेमगीत' को तेस्रो श्रृंखलाको तयारीमा छन् । फिल्मको छायांकन दशैंपछि शुरू हुँदैछ । भने आउँदो चैत २८ मा देशव्यापी प्रदर्शनमा आउँदैछ । फिल्ममा उनी तेस्रो पटक 'प्रेम' को भूमिकामा देखिँदैछन् । यो फिल्ममा उनको जोडी नव-अभिनेत्री क्रिस्टिना गुरूङसँग बाँधिएको छ । यस फिल्मको निर्देशन सन्तोष सेन र छेतेन गुरूङले मिलेर गर्दैछन् ।

खस्किएको स्टारडमलाई 'प्रेमगीत ३' ले उत्कर्षमा पुऱ्याउने विश्वासमा रहेका प्रदीप केही महिनायता सुगठित शरीर बनाउन जिममा पसिना बगाइरहेका छन् । दुई सय वर्ष



पुरानो प्रेमकथामा आधारित भएर निर्माण हुन लागेका कारण उनी यो फिल्ममा एक्सन अवतारमा देखिँदैछन् । यसका लागि उनले अहिले हर्स राइडिङ, एक्सन ट्रेनिङ र शरीर आकर्षक बनाउन जिममा दैनिक घण्टौं समय बेथित गर्ने गरेका छन् । फिल्ममा उनले एक योद्धा राजकुमारको भूमिका निभाउँदैछन् ।

शनिबार बिहान जिममा कसरत गरिरहेको एक तस्वीर आफ्नो आधिकारिक फेसबुक पेजमा साझेदार गरेपछि अहिले यी चकलेटी हिरो चर्चामा छन् । तस्वीरमा उनको गठिलो शरीर देख्न सकिन्छ । 'लिखुरे हिरो' को रूपमा चिनिएका उनले 'प्रेमगीत ३' का लागि आफ्नो शरीरलाई निकै बढाएका छन् । यो तस्वीर अहिले सामाजिक सञ्जालमा निकै भाइरल भएको छ । फिल्मकर्मी र दर्शकले उनले फिल्मका लागि गरेको मेहनतको निकै प्रशंसा गरेका छन् ।

उनको यो तस्वीरपछि फिल्मलाई लिएर दर्शकमा उत्सुकता पनि बढेको छ । प्रदीप 'प्रेमगीत ३' लाई लिएर आफू निकै उत्साहित रहेको बताउँछन् । 'प्रेमगीत' को अघिल्ला दुई सिरिजमा उनी चुलबुले र रून्चे भूमिकामा देखिएका थिए । यसपटक आफ्नो भूमिका दर्शकलाई फरक लाग्ने उनको भनाई छ । फिल्ममा उनको बाल्यकालको भूमिका अनुभव रेग्मीले निभाउँदैछन् भने पिताको भूमिकामा अभिनेता शिव श्रेष्ठ रहेका छन् ।

# प्रेम, समाज र आपराधिक मानसिकता

**नीता घिमिरे**

यौवनाका केही मसिना रेखाहरु खिचिएका थिए उनको अनुहारमा । त्यही अनुहार त हो अस्ति उनको एसिडले पखालिएको ! एसिडले उनको यौवना मात्रै होइन सुन्दरता पनि पखाल्यो । त्यही एसिड त हो उनले जतनले नोटकपीमा सूत्रबद्ध गर्ने । त्यही एसीड त हो, जसलाई बिर्सीएलाकी भनेर स्कूलबाट फर्केपछि हरेक साँझ रट्ने । भुलाएलाकी भनेर सुन्दर अक्षरमा नोटकपीमा लेखेर जतन साथ राख्ने । के वीरगञ्जकी मुस्कान खातुनले त्यसरी जतनले नोट बनाउँदै गर्दा कहिल्यै सोचेकी हुँदी हुन् कुनै दिन त्यही एसीड आफ्नै उनुहारमा कसैले छ्यापीदेला भनेर ? वा परीक्षामा भुलिएलाकी भनेर रट्नु पहिले ? मुख्य कुरा उनले त्यसरी सोच्नु पर्थ्यो वा पर्थेन भन्ने पक्कै होइन ! वा सोचिन सोचीनन् होइन ! त्यसो भए मुख्य कुरा के हो त ?

मुख्य कुरा आपराधिक मानसिकता हो । सजिलो जवाफ ! हामी सबैले दिने जवाफ । त्यसो भए के गर्ने ? यसको निर्क्योल पनि हामीसँग तयार छ । कडाभन्दा कडा कारबाही गर्ने ! अपराध छ र त कानून छ, प्रहरी प्रशासन, अड्डा-अदालत छ । त्यसो भए फेरि पनि त्यही एसीड आक्रमण किन हुन्छ त ? अपराध किन हुन्छ ? को हुन ती अपराधी ? कहाँबाट आउँछ ती अपराध गर्न ? तपाई हामी यति सभ्य छौं, फेरि पनि किन कोही आपराधिक मानसिकताको सिकार हुन्छ ? अपराध उही किन दोहोरिन्छ ? के कारवाही नभएकैले अपराध भएको हो त ? कुरा त्यसो पनि होइन । खोज्दै गयौं भने अपराधी कुनै न कुनै दिन पक्राउ परेकै छ । कारवाही भएकै छ । आज पनि कैयौं कैद छन् जेलहरुमा । ढिलोचाडो कारवाही भएकै छन्, जेल चलान भएकै छन् । त्यसो भए कुरोको चुरो कहाँ छ त ?

**प्रेम :** पहिले त हामी प्रेम के हो ? भन्ने कुराको जानकारी राखौ । केटा-केटी वा स्त्री-पुरुषबीचका कुरा आउने बित्तिकै हामीले प्रेमको लालमहोर लगाउन बन्द गरौं । प्रेम र युद्धमा सबै कुरा जायज हुन्छन् भन्ने मानसिकताबाट बाहिर निस्कौं । यदि कोही व्यक्तिमा मिठासपूर्ण भावना छ भने आक्रमण गर्दै किन हिँड्छ ? जब व्यक्तिमा मिठासपूर्ण भावना नै छैन भने हामी किन जो कोही सम्बन्धलाई प्रेम करार गर्दैछौ ? किन भन्दैछौ- प्रेममा सबै जायज हुन्छ ?

हामी हाम्रो सहजतामा यसो पनि भनौला, तर हाम्रो सामाजिक मानसिकता यही छ । समाज सधै सही हुँदैन । अधिकतर समय त समाज गलत हुन्छ । भीड गलत हुन्छ । यी त भए समाजका कुरा । तर, तपाई हामी आफूले आफैलाई बढो जान्ने सम्झिने, ज्ञानी सम्झिनेले किन यसो भनी रहेका छौ ? प्रसङ्गबस हिजो-आजका समाचारको शीर्षक नै 'प्रेम प्रस्ताव स्वीकार नगर्दा एसिड आक्रमण' भेटिन्छ । हाम्रो जिम्मेवारी खै ? किन हामी जान-अन्जान अपराधलाई प्रेमको लेपन लगाउन उद्दत छौं ? खै हाम्रो जवाफदेहीता ? राष्ट्रिय दैनिकहरुले प्रेमको करार गरिदिन्छन् ।

रेडियो, टिभीले प्रेमको लालमोहर लगाई दिन्छन् । अझ युट्युव ? अनि समाजले प्रेममा सबै कुरा जायज हुन्छ भन्ने बुझ्छ । अनि हामी नै फेरी घोक्रो सुक्ने गरि कराउन छाड्दैनौं अपराधीलाई कडाभन्दा कडा कारवाही गर ! अपराधीलाई मृत्युदण्डको व्यवस्था गर ! कति जनालाई मृत्यु दण्ड दिने ? कति जनालाई कारवाही गर्ने ? जब हाम्रो चेतनास्तर यस्तो छ । आज एउटालाई कारवाही गरिन्छ, भोलि अर्को उस्तै जन्मिन्छ । अपराधी को हो ? त्यो यही समाजको अंग होइन ? कहाँबाट उसमा आपराधिक मानसिकता हाबी हुन पुग्यो ? एकपटक आफूले आफैतिर फर्केर हेर्ने कि ?

**नैतिकता :** नैतिक ज्ञान वा नैतिकता । नैतिकता कुनै तराजुमा हालेर जोखिने कुरा पक्कै होइन । न त अंक गणितीय मानकहरुमा अभिव्यक्त हुने कुनै योगफल हो । न त कुनै विद्यालय वा विश्वविद्यालयले दिने सर्टिफिकेट नै हो । त्यसो भए नैतिकता के हो त ? मानिस यस धर्तीको सर्वश्रेष्ठ प्राणी हो । के नैतिक हुनलाई यत्ति कुरा काफी छ त ? बुझी राखौं मान्छे बाहेक कुनै पनि अर्को प्राणीले बलात्कार गर्दैन । बाँच्नका लागि बाहेक कुनै पनि प्राणी दोस्रो अर्कोलाई आक्रमण गर्दैन । त्यसो भए हामी सर्वश्रेष्ठ प्राणीको कुन बिन्दुमा छौं त ? एक पटक आफैतर्फ फर्किने समय भएको छ ।

ब्यक्ति अनुसार नैतिकताका आ-आफ्नै सीमाहरु हुन्छन् । कम्तिमा मानव भन्नुको नाताले यस धर्तीमा अर्को कुनै मान्छे वा जीव सहज तरिकाले आफ्नो इच्छा अनुसार बाँच्न पाउनु पर्छ भन्ने तथ्य नभुलौं । जब हामी यो तथ्य भुल्छौं, हामी आपराधिक मानसिकताको सिकार भएरै छाड्छौं । जबसम्म हामी आफ्ना छोरा-छोरी, श्रीमान्-श्रीमती वा प्रेमीप्रेमीका आफ्ना निजी सम्पत्ति हुन् भन्ने मानसिकताबाट बाहिर निस्कदैनौं, अर्को कुनै ब्यक्तिमा निजित्वको भावना पाल्छौं तब हामी आक्रमक बन्छौं । आफैले चाहे अनुसार चलाउन खोज्छौं, सके बलात्कारै गर्छौं, नसके एसिड छ्याप्छौं ।

त्यति पनि नसके आफै पासो लगाउछौं र भन्छौं- फलानो वा फलानीबाट मेरो प्रेम स्वीकार भएन त्यसैले मैले आत्महत्या गरें । यो भन्दा घटीया नैतिकता अरु के हुन सक्छ ? यस्तो नैतिकताको बिकास कहाँबाट हुन पुग्यो ? सोच्ने बेला भएको छ । अब तपाई हामीले हाम्रा नैतिकताको सीमाहरु खोजी गर्ने बेला भएको छ । खोजौं । होइन भने समाज यस्तै हो, चलिरहन्छ भनौं !

**सामाजिक चेतना :** समाज भनेको को हो ? सामाजिक चेतना भनेको के हो ? के समाज म, तपाई र हामी होइन र ? हामी आफ्नो स्वार्थ अनुसार समाजको कित्ता काट गर्छौं । समाजलाई आफुबाट अलग गर्छौं । मैले त बुझेको छु, तर समाजले बुझ्दैन । हामी सबैले जीवनमा कहीं न कहीं यो वाक्यको प्रयोग गरिनै रहेका छौं । मैले त त्यसो गर्दिन, तर अरु त्यसै गर्छन् । ती अरु को हुन् ? के हामी कहिल्यै सोचेका छौं ? जब हामी कुनै विचार मन पराउदैनौं, आफ्नो सोच अनुरूप पाउदैनौं हामी ट्रोल गर्छौं । त्यो नगर्नेले के गर्छ ? त्यो नगर्नेले आक्रमण गर्छ, बलात्कार गर्छ । यही हो हाम्रो असली चेतना स्तर। जब सम्म हामी हाम्रा विचार-बिरोध सौम्य ढङ्गबाट राख्ने चेतको विकास गर्दैनौं तबसम्म हाम्रो समाजमा आक्रमण जारी रहन्छ । बलात्कार जारी रहन्छ । बलात्कारी को हुन् ? एसिड आक्रमणकारी को हुन् ? तिनीहरु पनि यही समाजका अंग होइनन् ? कसैले सामाजिक सञ्जालको प्रयोगबाट आक्रमण गर्ला, कसैले भौतिक रुपमा गर्ला । कहीं न कहीं आक्रमकताको अवयहरु जबसम्म हाम्रो मस्तिष्कबाट हट्दैन तबसम्म कसै एक अपराधीलाई कडा कारबाही गर्दैमा वा मृत्युदण्ड दिँदैमा समाजबाट अपराधको अन्त्य असम्भव छ । आउनुहोस् पहिले हामी हाम्रै आपराधिक मानसिकताबाट बाहिर निस्कौं, समाजबाट बिकृति बिस्तारै विलय हुँदै जानेछ ।

**अपराधः** अपराध के हो ? अपराध किन हुन्छन् ? वा दुनियाँमा प्रहरी किन चाहियो ? वा नियम कानून किन बनाइयो ? यस सबन्धमा लामो विचार विमर्श हुन सक्छ, तर्क वितर्क हुन सक्छ । स्वभावतह मानव मस्तिष्क अविजीत स्वभावले ग्रस्त हुन्छ । हामी जीत्न चाहान्छौं, हरेक कुरा । आफ्नै बनाउन खोज्छौं सबै चीज । आपराधीक मानसिकता पनि यसैकसैसँग जोडिएको छ । सक्ने ठूलोले सिरीयामा आक्रमण गर्छ । बम बर्साउँछ । केही गर्न नसक्नेले टोलकै सबसे सुन्दर युवती माथी एसिड छ्याप्छ । निरीह असहाय माथी बलात्कार गर्छ । यी त भए आपराधिक मानसिकताका कुरा । त्यसो भए हरेक ब्यक्ति कुनै पनी बेला अपराधी बन्न सक्छ ? वा अपराधी हो ? भन्ने प्रश्न उब्जीन सक्छ । हो, कुनै पनि मान्छेमा आपराधिक सोच हुन्छ खाली मात्रामा तलमाथी हुन सक्छ । त्यसो भए अपराधीक मानसिकताको परिवर्तन (ट्रान्सफर्मेसन) के हो त ? त्यसैले आउनुहोस् हामी आफैं आफूलाई बदल्ने चेष्टा गरौं । स्वीकारौं हामी कुनै पनि बेला अपराध गर्न सक्छौं । बरु त्यही आपराधिक मनोभावको ट्रान्फर गरौं, खेलौं, कुदौं, लेखौं, आविष्कार गरौं र संसार जितौं । कोही एक निरीह माथी एसिड छ्यापेर जीतको निकृष्ट घृणित कार्य नगरौं ।

त्यसैले समाज भनेकै तपाई र म हो । हामी हाम्रो सुबिधा अनुसार आफुलाई अलग नगरौं । समाजमा कतिपए यस्ता निकृष्ट अवयहरु छन् तिनलाई अन्त्य गर्ने धारणा बनाऔं । खाली कडा कारबाही वा मृत्यु दण्डको सजाएले मात्रै अपराध रोकिँदैन । आउनुहोस् युग अनुसारको सभ्य समाज निर्माणमा हातेमालो गरौं ।

## पत्थरीबाट जोगिन

# अमला



अमलामा भिटामिन सी प्रसस्त पाइन्छ । अमला त्रिफलाको तीन औषधिमध्ये एक गुणी जडिबुटीमा पर्छ । एउटा अमलामा धेरै भिटामिन हुन्छ र अमलाको रूखको फेदको छायाँमा बसेर खानाले मात्रै पनि अनेक रोगहरू निको हुन्छ । अमलामा विभिन्न रोगहरू निको पर्ने क्षमता हुन्छ ।

अमलाले युवाहरूमा यौनशक्ति प्रदान गर्नुका साथै बृद्धहरूमा जोस जाँगर प्रदान गर्छ । यसलाई सुख्खा चुर्णको रूपमा अन्य औषधिको रूपमा, अचारको रूपमा वा अन्य कुनै रूपमा प्रयोग गर्न सकिन्छ ।

प्रत्येक दिन एउटा अमला खानाले पेट सफा र कब्जियत लगायत पेटमा देखापर्ने समस्याहरू हुन पाउँदैन साथै ग्याष्ट्रिक पनि केही हदसम्म कन्ट्रोल हुन्छ । अमलाको सेवन दैनिक गर्नाले शरीरको रोग प्रतिरोधक क्षमता मजबुत हुन्छ । किड्नीसँग सम्बन्धित रोगहरू लाग्दैनन् । अमलाको जुस बनाएर खानाले पनि रगत सफा हुन्छ र शरीर स्वस्थ रहन्छ। दैनिक एउटा अमला खानाले फोक्सोसँग सम्बन्धित रोगहरू लाग्न पाउँदैनन् ।

अमला अनुहार र कपालको लागि पनि फाइदाजनक छ । अमलाको दैनिक सेवनले अनुहारको छालामा चमक ल्याई लामो समयसम्म जवान देखिन र कपाल फुल्नबाट जोगाउँछ । अमला सेवनले आँखा तेजिलो बनाउनुका साथै पत्थर हुनबाट जोगाउँछ ।